# अध्याय - एक

# शोधपरिचय

## १.१ पृष्ठभूमि

रीता ताम्राकार २०६१ सालमा पहिलो कथासङ्ग्रह **तुषारापात** प्रकाशित भएपछि उनी निरन्तर कविता लेखनमा संलग्न देखिन्छिन् । उनको दोस्रो कथासङ्ग्रह (२०७३) मा **दृश्य परिदृश्य** प्रकाशित भएको पाइन्छ । अहिले तेस्रो कथासङ्ग्रह **संवेग** (२०७४) प्रकाशित भएको छ । यस कथासङ्ग्रहमा बीसवटा कथाहरू सङ्गृहीत छन् । यस्ता सृजनशील प्रतिभाकी धनी कथाकार ताम्राकारको संवेग कथासङ्ग्रहमध्येबाट **चोरिएको निद्रा** कथामा आधारित भई प्रस्तुत शोधकार्यमा यसको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

भाषा, भाषाविज्ञान, भाषिक प्रयोग, भाषाशिक्षण, भाषाको इतिहास, वाचनकला, पठनबोध, लेखनकला, बोधक्षमता, शिक्षण विधि तथा क्रियाकलाप, पाठ्यपुस्तकमा राखिएका विभिन्न विधाका पाठहरूको विश्लेषण, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, नमुना अभ्यास, परीक्षा मूल्याङ्कन, प्रश्नपत्र, त्रुटिविश्लेषण, व्यतिरेकी विश्लेषण, तुलनात्मक अध्ययन, शब्दनिर्माण, शब्दभण्डार, वर्णविन्यास, शब्दकोश आदिको विश्लेषण तथा साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन, सङ्कथनात्मक विश्लेषण जस्ता विषय क्षेत्रहरूसँग सम्बन्धित भएर गरिने अनुसन्धान भाषिक अनुसन्धानअन्तर्गत पर्दछन् ।

शैलीवैज्ञानिक अध्ययनका माध्यमबाट नेपाली साहित्यका कृतिका भाषिक सौन्दर्यको अध्ययन गरिन्छ । नेपाली भाषाशिक्षणअन्तर्गत भाषापरक अध्ययन गर्ने परम्पराको ऐतिहासिक पृष्ठभूमि लामो नरहे पनि हालसम्म नेपाली शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्ने परम्पराको थालनी वि.स.२०३० को दशकदेखि भएको मानिन्छ । नेपालमा शैलीवैज्ञानिक अध्ययनको थालनी भने पाश्चात्य जगतको अमेरिकाली र हिन्दी शैलीवैज्ञानिक अध्ययनबाट प्रभावित भएका कुरालाई पुष्टि गर्न सकिन्छ ।

विगत पौने एक शताब्दी (सन् १९१५) यताका शैलीवैज्ञानिक यात्राक्रममा शैली सम्बन्धी पाँच आधारभूत दृष्टिकोण देखापरेका छन् । ती हुन् : १) शैलीलाई लेखकीय भावविचारको गुदीको भाषिक बाह्य आवरण वा सामान्य भाषामा थपिएको अतिरिक्त भाषिक-परिभाषिक तŒव मान्ने, २) शैलीलाई लेखकको मनोलोकको प्रतिबिम्बक वैयक्तिक भाषिक प्रवृत्ति ठान्ने, ३) शैलीलाई भाषागत मानक विचलनका रूपमा हेर्ने, ४) शैलीलाई उपलब्ध भाषिक विकल्पमध्येको चयन र विन्यास मान्ने तथा ५) शैलीलाई भाषाका व्याकरणात्मक ढाँचा (ध्वनि/लेखीय/रूपीय, समरूप-

शब्द पद, पदावली/वाक्यखण्ड, वाक्यभन्दा विशिष्ट अन्तरवाक्यीय वाक्योत्तर) सङ्कथनगत वैशिष्ट्य मान्ने (त्रिपाठी, २०५८:४७७) ।

चोरिएको निद्रा कथाको शैलीवैज्ञानिक विश्लेषण शीर्षक यस अनुसन्धानमा भाषिक आवरणका माध्यमबाट साहित्यिक कृतिमा अन्तर्निहित कला र सौन्दर्यको उद्घाटन गर्न यसको क्षेत्रलाई सीमाङ्कन गरी त्यसभित्रका समस्याहरूलाई अध्ययन-विश्लेषण गरिएको छ। यहाँ शैलीवैज्ञानिक तŒवगत आधारमा चोरिएको निद्रा कथाको कथानक, चरित्र र भाषाशैलीलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ। कथानक र पात्रविधानका अतिरिक्त भाषिक कलासँग सम्बन्धित ध्वनि, पद, शब्द, वाक्य आदिको विचलन र भाषिक विकल्पहरूमध्येबाट चयन व्याकरणात्मक ढाँचालाई ध्यान दिइएको छ। यसरी चोरिएको निद्रा कथामा प्रयुक्त भाषाका माध्यमबाट कलात्मक सौन्दर्यको उद्घाटन समेत गरिएको छ।

कलात्मक अभिव्यक्तिको साधन नै भाषा हो। त्यसैले प्रस्तुत शोधको पृष्ठभूमि कथाकार रीता ताम्राकारको चोरिएको निद्रा  कथाको शैलीवैज्ञानिक अध्ययन गर्नु भन्ने रहेको छ। साहित्यिक कृतिको भाषिक पक्षको वस्तुपरक अध्ययन नै शैलीविज्ञान भएकाले साहित्यिक कृतिको संरचना, बनोट, बुनोट आदिको विश्लेषण र कृतिको अन्तर्निहित कथा सौन्दर्यको समेत अध्ययन शैलीविज्ञानले गर्दछ। यस अध्ययनमा रीता ताम्राकारको चोरिएको निद्रा कथाका क्षेत्रलाई सीमाङ्कन गरी यस कथाको विश्लेषण गरिएको छ। ध्वनि, शब्द, वाक्य आदिको विचलन र भाषिक विकल्पहरूमध्येबाट चयन, व्याकरणात्मक ढाँचालाई ध्यान दिएर ध्वनि व्यवस्था, शब्द/रूप वाक्य र अर्थको विश्लेषण गरिएको छ।

### १.२ समस्या कथन

प्रस्तुत विवेच्य **चोरिएको निद्रा** रीता ताम्राकारद्वारा रचित नेपाली साहित्यमा भर्खरै प्रकाशित संवेग कथा सङ्ग्रहभित्रको एक कथा हो। कुनै पनि कथाको शैलीवैज्ञानिक अध्ययन गर्दा सामान्यतया कथानकको क्रमिक विकास भए नभएको भनेर अध्ययन गरिन्छ। यसका लागि विशेष गरेर फ्रेटागको पिरामिड अनुसार अध्ययन गर्ने सिद्धान्त स्थापित भएको छ । प्रस्तुत अध्ययनमा सो अनुसार कथानकको विश्लेषण गरिने छ।

यसै गरी कथानकभित्र विभिन्न किसिमका चरित्रहरू हुन्छन् । शैलीविज्ञानले त्यस्ता चरित्रहरूको अध्ययन गर्ने विभिन्न सात आधारहरूको पनि स्थापना गरेको छ। ती आधारहरूसँग **चोरिएको निद्रा** कथाका चत्रिहरूको वर्गीकरण कसरी गर्न सकिन्छ भन्ने पनि यहाँ अध्ययन गरिने छ।

शैलीवैज्ञानिक अध्ययन गर्दा भाषाशैलीको अध्ययन गरिन्छ । त्यसमा पनि चयन, विचलन र समानान्तरताको अध्ययन गरिन्छ। विवेच्य **चोरिएको निद्रा** कथामा विभिन्न तहमा चयन, विचलन र

समानान्तरता के कस्तो छ भन्ने पनि अध्ययन गरिने छ । यसअनुसार प्रस्तुत शोधकार्यका समस्याहरू निम्नलिखित रहेका छन् :

क. **चोरिएको निद्रा** कथामा फ्रेटागको पिरामिडअनुसार कथानकको विकास के कसरी भएको छ ?

ख. शैलीविज्ञानअनुसार **चोरिएको निद्रा** कथाका पात्रहरूको वर्गीकरण के कसरी गर्न सकिन्छ ?

ग. प्रस्तुत कथामा केकस्ता चयन, विचलन र समानान्तरताहरू पाइन्छन् ?

## १.३ उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क. **चोरिएको निद्रा** कथामा कथानकको विकासलाई फ्रेटागको पिरामिडअनुसार विश्लेषण गर्नु,

ख. शैलीविज्ञानअनुसार **चोरिएका निद्रा** कथाका पात्रहरूको वर्गीकरण गर्नु तथा

ग. प्रस्तुत कथामा चयन, विचलन र समानान्तरहरूको अध्ययन गर्नु ।

## १.४ अध्ययनको औचित्य

कुनै पनि कृतिको वस्तुपरक अध्ययन कृतिको सङ्गठित स्वरूपको निरूपण तथा व्यवस्थित भाषिक अध्ययनका लागि प्रायोगिक भाषाविज्ञानको एक पक्ष देखिने शैलीवैज्ञानिक अध्ययन एक उल्लेख्य विश्लेषणात्मक पक्ष हो । कथाको अध्ययन विश्लेषणमा पनि व्यवस्थित र वस्तुगत एवम् कृतिकेन्द्रित अध्ययनका लागि शैलीवैज्ञानिक एवम् कृतिकेन्द्रित अध्ययनका लागि शैलीवैज्ञानिक तवरको अध्ययनले विशेष स्थान प्राप्त गर्दछ । **चोरिएको मन** कथाका अध्ययनले रीता ताम्राकारका अन्य साहित्यक मूल्य एवम् आख्यान शैलीका निर्धारण गर्नका लागि पनि यसले सहयोग पुऱ्याउने देखिन्छ । कृतिको अध्ययन विश्लेषण गर्न तम्तयार देखिएका विविध शैलीवैज्ञानिक समालोचनाको स्वरूप स्पष्ट रूपमा देखाउन सकिन्छ । कृतिको व्याख्या विश्लेषण गर्दा आवश्यक कुराहरूको जानकारी गराउनको लागि शिक्षक र विद्यार्थीहरूलाई सहयोग हुने देखिनुका साथै समालोचनात्मक रूपमा कृतिको समीक्षा गर्न समालोचकलाई पनि सहयोग हुने देखिन्छ । अध्ययन अध्यापन कायमा शैलीवैज्ञानिक शिक्षण प्रक्रियालाई टेवा पुऱ्याउने साहित्यिक विधागत पक्षलाई आधार स्तम्भ बनाइएमा यसको औचित्य अझ बढी महत्व एवम् स्पष्ट नै देखिन्छ । यसैले प्रस्तुत अध्ययन समालोचक, शिक्षक प्राध्यापक र विद्यार्थी सबैलाई उपयोगी हुने देखिएको छ ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनमा संवेग कथा संग्रहभित्रका **चोरिएको निद्रा** कथाको फेटागका पिरामिडका आधारमा कथानकको विकासक्रम, सात आधारमा पात्रहरूको वर्गीकरण तथा शैलीविज्ञान (चयन, विचलन र समानान्तरता) का आधारमा यस अध्ययनलाई सीमित गरिएको छ ।

## १.६ पारिभाषिक शब्दहरू

| | |
|---|---|
| शैलीविज्ञान | : समालोचनाको एक प्रणाली |
| पात्रविधान | : खास गरेर आख्यानात्मक विधामा पात्रपात्राहरूको प्रस्तुति |
| चयन | : सम्भाव्य विभिन्न विकल्पहरूमध्येबाट एक विकल्पको छनोट |
| विचलन | : मानकको अतिक्रमण/मानकेतर प्रयोग |
| समानान्तरता | : एउटै वर्ण वा अर्थको पुनरावृत्ति |
| तत्सम | : संस्कृत र प्राकृत भाषाबाट रूप नफेरिई आएका शब्द |
| तद्भव | : संस्कृत र प्राकृत भाषाबाट रूप फेरिई आएका शब्द |
| आगन्तुक | : संस्कृत र प्राकृत भाषाबाहेकका भाषाबाट आएका शब्द |
| सर्वनाम | : नामको सट्टामा प्रयोग हुने शब्द |
| विशेषण | : नामको गुण, दोष, सङ्ख्या आदि विशेषता बुझाउने शब्द |
| समास | : दुई शब्दहरू जोडिएर नयाँ शब्दको निर्माण हुने प्रक्रिया |
| उपसर्ग | : मूल शब्दको अगाडि  लाग्ने, पूर्वसर्ग |
| प्रत्यय | : मूल शब्दको पछाडि  लाग्ने, परसर्ग |

## १.७ अध्ययनको रूपरेखा

यस शोधको प्रारम्भिक रूपरेखा निम्नलिखित हुने छ :

अध्याय - एक  : अध्ययनको परिचय

अध्याय -दुई : पूर्वकार्याको समीक्षा र सैद्धान्तिक अध्ययन

अध्याय- तीन : अध्ययनको विधि तथा प्रक्रिया

अध्याय -चार : व्याख्या तथा विश्लेषण

अध्याय -पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

# अध्याय - दुई

# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक पक्ष

## २.१ पूर्वकार्यको समीक्षा

प्रस्तुत अनुसन्धानका सिलसिलमा सम्बन्धित विषयमा यसअघि सम्पूर्ण गरिएका कार्यहरूको व्यवस्थित अध्ययन गरी सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । कुनै पनि विषयमा अनुसन्धान वा शोधकार्य गर्दा सम्बन्धित विषयमा पहिले के कति अध्ययन अनुसन्धान भएका छन् के कति बाँकी छन् भन्ने कुरा शोधार्थीलाई हुनुपर्दछ । यस कुराको समीक्षात्मक अध्ययन शैलीविज्ञानसँग सम्बन्धित भएकाले यस कार्यसँग सम्बन्धित पुस्तक र शोधकार्यको समीक्षा निम्नानुसार गरिएको छ :

शैलीविज्ञानसँग सम्बन्धित धेरै पुस्तकहरू लेखिएका पाइन्छन् यस्ता । पुस्तकहरूका अध्ययनबाट शैलीविज्ञानसँग सम्बन्धित कुराहरूको जानकारी बृहत् रूपमा पाउन सकिन्छ र कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न सहज हुन जान्छ । प्रस्तुत अनुसन्धानसँग सम्बन्धित पूर्वकार्यहरुको समीक्षा निम्नानुसार गरिएको छ :

त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर उपाधिका लागि विभिन्न विषयहरूका आधारमा अनुसन्धान गराउँदै आएको छ । शोधकार्यको उपयुक्त शीर्षक शैलीविज्ञानसँग सम्बन्धित भएर विभिन्न कृतिहरूको अध्ययन गरेको पाइन्छ । यस उपशीर्षकमा शैलीवैज्ञानिक शीर्षकसँग सम्बन्धित शोधकार्यहरूको समीक्षा निम्नानुसार गरिएको छ :

नेपाल (२०६३) द्वारा **लङ्गगडाको साथी उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा (क) ‘लङ्गडाको साथी’ उपन्यासको कथानकको विकास केकसरी भएको छ ? (ख) उक्त उपन्यासका चरित्रलाई शैलीवैज्ञानिक आधारमा कसरी ि वर्गीकरण गर्न सकिन्छ तथा (ग) भाषाका आधारमा **लङ्गडाको साथी** उपन्यासको विश्लेषण केकसरी हुनसक्छ भन्ने समस्या मानिएको छ । ती समस्याहरूको विश्लेषण गर्नुलाई उद्देश्य राखी पुस्तकालयीय विधिको उपयोग गरी विषयवस्तुमा स्पष्टता र दिशानिर्देश गर्नलाई विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । उक्त अध्ययनबाट **‘लङ्गगडाको साथी’** उपन्यास अतिसामाजिक यथार्थवादी धरातलमा सिर्जना भएको तथा अतियथार्थवादलाई औल्याइएको उत्कृष्ट उपन्यास हो भन्ने निष्कर्ष निकालिएको छ । लङ्गडाको साथी उपन्यासको शैलीवैज्ञानिक अध्ययनको निष्कर्षले प्रस्तुत शोधको शैलीवैज्ञानिक समस्यासँग सम्बन्धित तथ्यहरूको विश्लेषणका निम्ति आंशिक आधार प्रदान गर्दछ .

कार्की (२०७१) द्वारा **यमपुरीको महल उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त **यमपुरीको महल** उपन्यासका (क) कथानकको विकास केकसरी भएको छ? (ख) शैलीवैज्ञानिक आधारमा पात्रहरुको वर्गीकरण केकसरी गर्न सकिन्छ र (ग) चयन, विचलन र समानान्तरताका आधारमा यमपुरीको महल उपन्यासको विश्लेषणलाई समस्या मानिएको छ । पुस्तकालयीय विधि, प्रयोगशाला विधि, निगमनात्मक, आगमनात्मक विधिको प्रयोग गर्दै प्राथमिक र द्वितीयक स्रोत सामग्रीको प्रयोग गरिएका यस अध्ययनले यमपुरीको महल उपन्यासका विषयवस्तुलाई नवीन ढङ्गले प्रस्तुत गरिएको निष्कर्ष निकालिएको देखिन्छ । डायास्पोरिक श्रमिकको विषयलाई उद्घाटन गरी पूर्वदीप्ति शैलीमा लेखिएको यस उपन्यासमा कुशल संयोजन र चेतन प्रवाह शैलीको प्रस्तुति आकर्षक बनेको पाइन्छ तथा यसै गरी नेपाली उपन्यासका क्षत्रमा एउटा नौलो आयाम थपी पाठक तथा समालोचकलाई अर्को ढोका खोलिदिएको कुरा निष्कर्षको रूपमा देखाइएको छ ।

पोखरेल (२०७२) द्वारा **माउसुली कथाको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा (क) चयनका आधारमा माउसुलीको कथाको विश्लेषण, (ख) विचलनका आधारमा कथाको शैलीवैज्ञानिक अध्ययन र (ग) समानान्तरताका आधारमा विश्लेषणलाई समस्गा मानी तिनीहरूका समाधानलाई उद्देश्य बनाइएको पाइन्छ । पुस्तकालयीय विधि, वर्णनात्मक विधि र विश्लेषणात्मक विधिको उपयोग गर्दै प्राथमिक र द्वितीयक स्रोत सामग्रीको प्रयोग गरी लेखिएका उक्त अध्ययनमा कथानकको आदि, मध्य र अन्त्य क्रम नमिलेको, शब्दचयनको अवस्था उत्कृष्ट रहेको, अर्थतार्Œवक विचलनको अवस्था त्यति नदेखिएको, आन्तरिक समानान्तरताको अर्थलाई मजबुत बनाइएको निष्कर्ष निकालिएको छ । माउसुलीको कथाको शैलीवैज्ञानिक अध्ययनले प्रस्तुत चोरिएको निद्रा कथाको शैलीवैज्ञानिक निम्ति धेरथोर आधार प्रदान गर्दछ ।

ढुङ्गेल (२०५९) द्वारा **शिरीषको फूल उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकको शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा (क) शिरीषको फूल उपन्यासमा प्रयुक्त भाषिक पक्षको विश्लेषण, (ख) विसङ्गतिवादी र शून्यवादी दृष्टिकोणले विश्लेषणलाई अध्ययनको समस्या मानिएको पाइन्छ । पुस्तकालयीय र वर्णनात्मक विधिको प्रयोग गरिएका त्यस शोधमा शिरीषको फूल उपन्यास सफल भएको छ भन्ने निष्कर्ष निकालिएको छ । शिरीषको फूल उपन्याको शैलीवैज्ञानिक अध्ययनबाट आएको निष्कर्षले शैलीवैज्ञानिक विश्लेषणसम्बन्धी तथ्यहरू तथ्य विश्लेषण गर्नमा मद्दत गर्दछ ।

भण्डारी (२०७०) द्वारा **मातेको मान्छेको भाषण: मध्यरातपछिको सटकसित** कविताको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा (क) चयन, विचलन समानान्तरता, (ख) विविध साहित्यिक संरचनाका आधारमा मातेको मान्छेको भाषण मध्यरात पछिको सटकसित कविताको विश्लेषणलाई समस्याका रूपमा राखी तिनीहरूको विश्लेषण गर्नुलाई उद्देश्य बनाइएको पाइन्छ । पुस्तकालयीय विधि र आवश्यकताअनुसार वर्णनात्मक विधिका आधारमा सागम्री सङ्कलन गरिएको छ । उक्त शोधमा चयन, विचलन, समानान्तरता, विविध भाषिक संरचनाका आधारमा सामग्रीको विश्लेषण प्रक्रियात्मक ढङ्गले गरिएको पाइन्छ । उक्त अध्ययनले कविताको भौतिक आधारमा ठूलो भए तापनि तŒवगत आधारमा सबल र सुगठित रहेकाले सुन्दर शक्तिशाली र विशिष्ट बनेको तथा कोशीय र भाषिकागत विचलन, सादृश्य विचलन र अन्तरभाषिक विचलनको अवस्था र स्थिति सौन्दर्यपूर्ण सार्थक रहेकाले कविता सबल, सरल र सहज छ भन्ने निष्कर्ष निकालिएको छ ।

यसै गरी जोशी ( २०७२) द्वारा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षा विभाग कीर्तिपुरमा **कर्तव्य कथाको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधमा (क) कर्तव्य कथामा केकस्ता समानान्तरताको प्रयोग पाइन्छ , (ख) यस कथाामा चयन र विचलनको प्रयोग केकस्तो छ र (ग) केकस्ता शैली चिन्हको प्रयोग गरिएको छ भन्ने समस्याका रूपमा लिइएको छ । यस अनुसार कर्तव्य कथामा समानान्तरताको अध्ययन, चयन र विचलनका आधारमा प्रस्तुत कथाको विश्लेषण र विवेच्य कथामा शैलीचिह्नको अध्ययन गर्नुलाई उद्देश्य बनाइएको पाइन्छ । प्राथमिक स्रोतबाट सामग्रीको सङ्कलन र द्वितीयक स्रोतअन्तर्गत पुस्तकालयीय विधिबाट सैद्धान्तिक आधार तयार पारी व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएका यस शोधमा  लामा र छोटा वाक्यको प्रयोग, चिन्हहरूको उपयुक्त प्रयोग, चयन, विचलन र समानान्तरताले गर्दा काव्यात्मक भाषाको प्रयोग गरिएकाले कर्तव्य उत्कृष्ट कथा बनेको निष्कर्ष निकालिएको पाइन्छ ।

## २.२ पूर्वकार्यको उपयोगिता

प्रामाणिक रूपमा अनुसन्धेय विषयसँग गांसिएर सम्बन्धित अध्ययनहरूले शोधकार्य सम्पन्न गर्न सहयोग पुर्‍याउँछन् । यस अध्ययनलाई विश्वस्त बनाउन पूर्वकार्यका सर्वेक्षणले आधारभूत नीतिको निर्माण गर्न सहयोग गरेको छ । भरपर्दो र विश्वसनीय निष्कर्षहरू निकाल्न पूर्वकार्यका समीक्षाले निश्चित र वैज्ञानिक ढङ्गबाट सहयोग पुर्‍याइरहेका हुन्छन् । पूर्वकार्यका अभावमा शोधकार्यको उद्देश्यले गति पाउन सक्दैन । तसर्थ अनुसन्धानलाई निश्चित ढाँचा प्रदान गरी उद्देश्यमूलक बनाउन तथा तथ्याङ्क सङ्कलन र सङ्कलित तथ्याङ्कको विश्लेषण गरेर

निष्कर्षमा पुऱ्याउन पूर्वकार्यको सर्वेक्षणले दिशानिर्देश गराउँछ । यसै गरी सङ्कलित सामग्रीको व्यवस्थापन र सङ्गठन गर्न पनि पूर्वकार्यले सहयोग गर्दछ । यस अध्ययनलाई चुनौतीपूर्ण समस्याहरूबाट मुक्त गर्न र निष्कर्ष निकाल्न पूर्वकार्यको सर्वेक्षण उपयोगी भएको छ ।

यसरी शैलीविज्ञानलाई आधार बनाएर विभिन्न सार्ाहित्यक कृतिहरू कथा, कविता, निबन्ध, उपन्यास र नाटकको शैलीवैज्ञानिक अनुसन्धान गरिएको पाइन्छ । विभिन्न दृष्टिकोणबाट सार्ाहित्यक कृतिको विश्लेषणात्मक अध्ययन गरी साहित्यलाई प्रस्ट्याउने कार्य भएको छ । यस्ता अनुसन्धानमूलक शोधपत्रबाट तथ्यपरक सिकाइ हुने कुरा स्पष्ट हुन्छ । यस्ता शैलीवैज्ञानिक शोधपत्रहरू शिक्षक, विद्यार्थी, साहित्यकार र सम्बन्धित सबैका लागि उपयोगी हुने देखिन्छन् ।

## २.३ सैद्धान्तिक आधार

### २.३.१ शैलीविज्ञानको परिचय

शैली भन्नाले तौरतरिका, ढाँचा भन्ने बुझिन्छ भने विज्ञान भन्नाले वैज्ञानिक ढङ्गबाट आर्जन गरिने विशेष प्रकारको ज्ञान भन्ने बुझिन्छ । तसर्थ शैली र विज्ञान तत्सम शब्दको मेलबाट शैलीविज्ञान हुँदै समास प्रक्रियाबाट बनेको शब्द हो । शैलीविज्ञान भाषाविज्ञानको नवीनतम शाखा हो (शर्मा, २०५५ : ८०९) । आधुनिक युगमा भाषाविज्ञानको सार्ाहित्यक भाषा वा काव्य भाषाको मसेत अध्ययन गर्न थालेदेखि लिएर शैलीविज्ञानको प्रारम्भ भएको मानिन्छ । शैलीविज्ञान आधुनिक समयमा विकसित नयाँ विज्ञान वा शास्त्र हो तर पूर्व र पश्चिम दुवैतिर यसको पुरानै परम्परा देख्न पाइन्छ । शाब्दिक अर्थमा शैलीविज्ञान भन्नाले शैलीको वैज्ञानिक अध्ययन गर्ने विज्ञान वा शास्त्र शैलीविज्ञान हो । भाषाविज्ञानकै एक शाखाका रूपमा रहेको यो सिद्धान्त साहितियक विधा अध्ययनको प्रविधिका रूपमा पनि विकसित भएको हो । शैलीविज्ञानसम्बन्धी के हो चिन्तनहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

शैलीविज्ञान साहित्यिक शैलीको मात्र अध्ययन हो । साहित्यमा भाषा प्रयोगसम्बन्धी अध्ययनलाई शैलीविज्ञान भनिन्छ । जो.एच.लीचका विचारमा शैलीविज्ञानले भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषण गर्नुका साथै विशिष्ट भाषिक प्रयोगहरूको सूक्ष्म र जटिल प्रयोगहरूको विवेचना गर्दछ । टर्नरअनुसार शैलीविज्ञानका पाठले ती प्रभावपरक तŒवलाई जाँच्नु पर्दछ, ती साधनहरूको अध्ययन गर्नुपर्दछ जसद्वारा भाषाले त्यसको पारस्परिक सम्बन्धको अध्ययन गर्दछ, ती सम्पूर्ण अभिव्यक्ति अवस्थाको विश्लेषण गर्दछ जसका ती अङ्गहरू हुन् (शर्मा, २०५८ : ८१७)। चार्ल्स बालीका विचारमा शैलीविज्ञानले भाषाप्रयोगका विधिताको अध्ययन गर्दछ जुन परिस्थितिमा आधारित हुन्छ (शर्मा, २०५८ : ८१७) । लङ्गम्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्समा उल्लेख गरिएअनुसार साहित्यिक कृतिको बाहिरी सौन्दर्यका साथै आन्तरिक

सौन्दर्यको पनि खोजी गर्दछ । कृतिमा लुकेको सौन्दर्यको प्रकटीकरण गर्नु र लेखकको वास्तविक उद्घाटन गर्दै कृतिको आशय खोतलेर कृतिको मर्म बोध गराउनु यसको लक्ष्य हो । यसले कृतिको वैज्ञानिक परीक्षण गर्छ  र त्यसलाई ठिक परिप्रेक्ष्यमा बुझ्न यथार्थ समझदारी प्रदान गर्दछ (शर्मा, २०५८ : ८१७) । शैलीविज्ञान साहित्यको विविधत् समालोचना गर्ने दृष्टि र पद्धति दुवै हो । यो भाषावादी र वस्तुवादी भएकाले यसको गणना समालोचनाको नौलो प्रकारमा गनिन्छ । यसले आफ्नो प्रविधिको उपयोग गर्दछ ।

माथिका परिभाषाहरूबाट के भन्न सकिन्छ भने शैलीविज्ञानलाई साहित्यिक कृतिभित्र प्रयोग भएको भाषाको अध्ययबाट त्यस कृतिका शैलीको निर्धारण गरिन्छ अथवा शैलीविज्ञानको सर्जकको सिर्जनामा निहित अभिव्यक्ति शैलीलाई अध्ययन गर्न सघाउँछ । यस्ता सिद्धान्तले सर्जकभन्दा उसको सिर्जना र भाषाभन्दा सम्बन्धित भाषाको शैलीलाई महŒव दिन्छ । यसरी हेर्दा शैलीविज्ञान स्रष्टा र सिर्जनाको पृष्ठभूमिलाई छोडेर कृतिमा निहित शैलीको समग्र अध्ययन गर्ने समालोचना विशेष हो । बाह्य रूपले हेर्दा निरस र भाषावादी देखिए तापनि यसले समग्र साहित्य र भाषाको समुचित अध्ययन गर्न सहयोग पुऱ्याउँछ ।

## २.३.२ शैलीका प्रकारहरू

शैलीविज्ञान, भाषाविज्ञान र साहित्य शास्त्रसँग सम्बन्धित अध्ययन विधिविशेष हो । यसलाई सामान्य शैली र साहित्यिक शैलीका रूपमा विभाजन गरी अध्ययन गर्न सकिन्छ, जुन निम्नानुसार देखाउन सकिन्छ :

### २.३.२.१ सामान्य शैली

सामान्य शैलीअन्तर्गत भाषाको सामान्य भेदको अध्ययन गरिन्छ । यिनको अध्ययन भाषाका वर्ण, रूप, शब्दभण्डार, पदावली, उपवाक्य र वाक्यका विभिन्न तह र तिनका छनोट र संरचनाका सङ्कथनको तरिकासँग ढाँचागत र शैलीगत आधारमा गरिन्छ (पौडेल, २०६९:३५) । सामान्य शैली साहित्यभन्दा साहित्येतर अभिव्यक्ति र त्यस्ता सङ्कथनको भाषावैज्ञानिक अध्ययनमा उपयोगी हुन्छ । साहित्येतर विषयवस्तुमा प्रयोग हुने भाषिक अभिव्यक्तिका प्रकारलाई सामान्य शैली भनिन्छ । सामान्य शैलीको क्षेत्रअन्तर्गत विज्ञान, कानुन, दर्शनशास्त्र, प्रविधि सञ्चार, कानुन जस्ता क्षेत्रमा प्रयोग गरिने विषयवस्तुको शैली पर्दछ । यसमा भाषा वा अभिव्यक्तिको सामान्य र स्तरीय, अनौपचारिक र औपचारिक,मौखिक र लिखित, स्थानिक र सामाजिक भाषिकाको मतभेदसँग सम्बद्ध सङ्कथनहरू पर्दछन् । यिनीहरूको अध्ययन सामान्य शैलीविज्ञान हो ।

सामान्य शैलीविज्ञानलाई भाषिक शैलीविज्ञान पनि भनिन्छ । यस्ता अध्ययनअन्तर्गत साहित्येतर कानुनी, धार्मिक, विज्ञान, प्रविधि आदि विविध भेदको अध्ययन गर्न सकिन्छ । विभिन्न विधाका सापेक्षतामा भाषाप्रयोगको तुलनात्मक अध्ययन गरी पाठ वा सङ्कथनगत विवरण सामान्य शैलीविज्ञान अन्तर्गत प्रस्तुत गरिन्छ । शैली विकासको सामान्य अध्ययन क्षेत्रमा सामान्य र विषयगत रूपमा विशिष्ट मानिएका साहित्येतर क्षेत्रमा भाषिक भेदलाई समग्रमा अध्ययन गर्न सकिन्छ । यस भेदले शैलीवैज्ञानिक अध्ययनको व्यापकतालाई देखाउँछ ।

### २.३.२.२ साहित्यिक शैली

साहित्यिक शैली पनि भाषाका खास भेदको शैली हो । साहित्य भाषाकै विशिष्ट स्वरूप भएकाले यसमा पनि विशिष्ट शैली हुन्छ । साहित्यिक विधा कथा, कविता, नाटक, एकाङ्की, निबन्ध, खण्डकाव्य, महाकाव्य आदि वा कुनै साहित्यिक कृति विशेष शैलीलाई साहित्यिक शैली भनिन्छ । साहित्यिक सिर्जना गर्ने साहित्यकार एवम् लेखकहरूले साहित्यिक शैली सौन्दर्य निर्माणका लागि चयन गरेका भाषिक एकाइहरू कृति रचनालाई विशिष्ट र नवीन बनाउन, अन्य शैली र प्रवृत्तिका अलग तरिकाले पहिचान दिन नपाएका अग्रभूमि निर्माण प्रक्रिया, अग्रभूमिका लागि विचलन र समानान्तरताका प्रयास तथा विशिष्ट शैली प्रदर्शित गर्न अन्य विविध प्रयासको अत्यन्त महŒवपूर्ण योगदान गरेका हुन्छन् ।

कुनै पनि कृतिको साहित्य कस्तो छ, भन्ने कुरा प्रस्तुत गर्ने पद्धतिका रूपमा चिन्न सकिन्छ । त्यसभित्र भाषिक सामग्रीहरू हुन्छन् । साहित्यिक कृतिको आधार सामग्री भाषा हो, भाषाको बाहिरी स्वरूपभन्दा भित्री सौन्दर्यगत स्वरूप, छन्द, लय, विधान, बिम्ब, प्रतीक, अङ्लकार, कथाक, दृष्टिविन्दु, परिवेश, विषयवस्तु, पात्र चरित्र, आदिको सम्बन्ध भित्री तहसम्म पुगेर समग्र बुनोट र बनोट प्रक्रिया बनेको हुन्छ । यस कृतिभित्रका कथ्य वा अभिप्रायलाई वस्तुपरक ढङ्गले पाठक समक्ष प्रस्तुत गर्न नै साहित्यक शैलीविज्ञानको मुख्य उद्देश्य वा धारणा रहेको पाइन्छ । साहित्यिक शैलीविज्ञानको मूल धरातलमा उभिएर कुनै पनि साहित्यिक कृति वा सिङ्गो पाठको विश्लेषण गरिन्छ ।

भाषिक कलाको सिर्जनामा उपभोग भएको भाषाको वस्तुपरक अध्ययन शैलीविज्ञानमा गरिने हुँदा यसलाई भाषाविज्ञान र सौन्दर्यशास्त्रको समन्वित रूप मान्न सकिन्छ । साहित्यको भाषावादी अध्ययन, वस्तुवादी कृतिपरक, एकाइको समग्र अध्ययन आदिका आधारमा शैलीविज्ञानलाई वस्तुनिष्ठ ढङ्गले परिभाषित गर्न सकिन्छ (पौडेल, २०६९:३६) । यसरी भाषिक सामग्रीलाई आधार बनाएर साहित्यिक कृतिमा अन्तरनिहित भाषिक एकाइ तथा समग्रमा कृतिको बनोट र बुनोट पक्षको अध्ययन साहित्यिक शैलीविज्ञानमा गरिन्छ ।

### २.३.३ साहित्यिक समालोचना र शैलीविज्ञान

शैलीविज्ञान साहित्यिक आलोचना हो । यसले कलाका अन्य रूपहरूलाई छुँदैन । यसलाई साहित्यको भाषावादी, वस्तुवादी, वैज्ञानिक र सिर्जनात्मक आलोचना प्रणाली मानिन्छ । कलाशास्त्र, भाषाविज्ञान र प्रतीकविज्ञानको सम्बन्धबाट निर्मित यस स्वयत्त आलोचना विधालाई साहित्यिक शैलीविज्ञान पनि भनिन्छ (शर्मा, २०५९ :९ ) । साहित्यिक समालोचनालाई भाषाभन्दा पृथक् विशुद्ध साहित्यिक विश्लेषणको आधारमा गरिदै आएको छ । शैलीविज्ञानलाई भने विशुद्ध भाषावादी समालोचना मान्न सकिन्छ । यी दुई पक्षहरू भिन्न भिन्न भए पनि यिनीहरूको सम्बन्ध भाषा र साहित्यकै अध्ययन भएकाले अन्तर सम्बन्धित समेत रहेको पाइन्छ ।

साहित्यिक समालोचकहरू साहित्यिक कृतिलाई अखण्ड र अभिभाज्य एकाइ मान्छन् । उनीहरूका विचारमा साहित्यिक कृति एउटा अविभाज्य स्वरूप हो । यसको संरचना र विषयलाई अखण्डित रूपमा लिइन्छ । साहित्य अस्वादनको विषय भएकाले यसलाई खण्डित गरेर अध्ययन गर्दा यसको आशय वा सन्देश प्राप्त हुने प्रभाव पनि खण्डित भई साधनामा बाधा पुग्न जान्छ । यसै विचारलाई आधार मानी साहित्यिको विश्लेषण वस्तुगत भाषाताŒिवक आधार नभई आत्मगत आधारमा गर्नुपर्नेमा जोड दिइन्छ । यस आधारमा समीक्षा कृतिप्रतिको दृष्टिकोण पनि फरक फरक हुन जान्छ । यस साहित्यलाई कृतिभन्दा बाहिरका कृतिकारका निजी पृष्ठभूमि, सामाजिक, ऐतिहासिक पक्षबाट पनि हेर्न सकिन्छ । यसरी उपयोग गर्दा शैलीविज्ञान र साहित्यिक समालोचना दुई भिन्न भिन्नै कुरा लाग्छन् ।


साहित्यिक समालोचना र शैलीवैज्ञानिक समालोचना हेर्दा फरक फरक लागे पनि यिनीहरूका बीच अन्तरसम्बन्ध रहेको छ । साहित्यिक समालोचनामा धेरथोर शैलीका कुरा हुन्छन् भने बिम्ब, प्रतीक, चारित्रिक स्थिति परिवेश, जस्ता विशेषताहरू समेटिएका हुन्छन् । शैलीवैज्ञानिक अध्ययनमा पनि कृतिको समग्र बुनोट, बनोट र उद्देश्य प्राप्तिको प्रक्रिया केलाउनुपर्ने हुन्छ ।

### २.३.४ शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

शैलीविज्ञान भाषाविज्ञानको प्रायोगिक शाखा मात्र नभएर एउटा स्वतन्त्र छुट्टै विधाका रूपमा वर्तमान समयमा विकसित भएको पाइन्छ । शैलीविज्ञानको सैद्धान्तिक स्वरूप भाषाविज्ञान र साहित्य शास्त्र हुन् । शैलीविज्ञान साहित्यको भाषाताŒिवक अध्ययन जस्तो संरचना बढी दृष्टिबाट सुरु भए पनि कृतिकारका अभिव्यक्तिमा पाइने भाषिक सामग्रीको उपयोग क्षेत्र, त्यसको क्षमतागत गहनता र विस्तारको मिथकीय अध्ययनका रूपमा पनि विकसित भाषाविज्ञान, मनोभाषाविज्ञान, सङ्कथनविज्ञान सम्बन्धी अध्ययनबाट समेत प्रभावित हुँदै गएको देखिन्छ । यसको मूल प्रवृत्ति भाषा वैज्ञानिक रहे पनि यसले आफ्ना प्रयोजनका निम्ति साहित्यशाखालाई

आत्मसात् गरेको हुन्छ । भाषाविज्ञान साहित्यशास्त्र मात्र नभई शैलीविज्ञानले चिह्न विज्ञानको पनि सहायता लिएको पाइन्छ । अतः शैलीविज्ञान भाषाविज्ञानको समष्टि हो ।

मूर्त आकारबाट अमूर्त आकार कसरी प्राप्त गर्ने, प्राप्त अमूर्त आकारको तालमेल मूर्त आकारसँग कसरी बसाउने भन्ने कुरा शैलीविज्ञानले बताउँछ (शर्मा, २०५९ :५) । शैलीविज्ञानका दृष्टिमा साहित्य एउटा भाषिक कला हो । साहित्यिक कृतिहरू भाषिक प्रतीक हुन् । भाषिक प्रतीकका रूपमा मानिएका कृतिमा अभिव्यक्ति र कथ्य जस्ता दुई पक्ष हुन्छन् । यसले कृतिका संरचनाको विलेषण गर्छ र त्यसमा अन्तर्निहित सौन्दर्यको उद्घाटन गर्दछ । सौन्दर्यको उद्घाटन पछि मर्मबोध गराउँदै कृतिको सचेततालाई पक्रेर रचनाको प्रयोजन समेत प्रमाणित गर्दछ । त्यसैले यसलाई शैली मात्र नभएर शैलीविज्ञान भनिएको हो । शैलीविज्ञानका कृति विश्लेषण गर्दै त्यसको आन्तरिक पक्षतिर अघि बढ्छ र त्यसभित्रको सौन्दर्य पक्षलाई उजागर गर्ने प्रयत्न गर्दछ । शैलीविज्ञान सिद्धान्त भाषाविज्ञान र साहियशास्त्रका समन्वयबाट निर्मित शास्त्र हो । भाषावैज्ञानिक शैलीविज्ञानको मूल प्रवृत्ति चाहि साहित्यलाई भाषिक कला मान्नु हो । प्रत्येक साहित्यिक कृतिको एउटा मूर्त आकार हुन्छ भने त्यस कृतिको एउटा अमूर्त आकार पनि हुन्छ जो त्यस कृतिका गहनतल हो त्यसलाई रचनाको बाह्यतल पनि भनिन्छ । शैलीविज्ञानको कृतिको आकारलाई अमूर्त आकारका माध्यबाट बुझ्ने सामर्थ्य दिन्छ । यसलाई निम्नलिखित किसिमले बुझ्ने गरिन्छ :




माथिका तालिकाबाट शैलीविज्ञानलाई साहित्यलाई हेर्ने एउटा नयाँ दृष्टिगतका रूपमा चिनाउन सकिन्छ । शैलीविज्ञानले भाषाविज्ञानमा उपलब्ध उपकारणहरूका सहायताले कृतिका शैलीको विश्लेषण गर्दछ । कुनै पनि कृति वा सामग्रीको भाषावैज्ञानिक उपकरणबाट वस्तुपरक, कृतिकेन्द्रित, शैलीपरक र कलापरक समालोचना पद्धति हो । उपयुक्त तालिकाले साहित्यलाई गहिरिएर हेर्न नयाँ दृष्टि नै शैलीविज्ञान हो भन्न सकिन्छ । यसले भाषाविज्ञानमा उपलब्ध सामग्रीका मद्दतले कृतिको शैलीविज्ञान हो भन्न सकिन्छ । यसले भाषाविज्ञानमा उपलब्ध सामग्रीको मद्दतले कृतिका शैलीको विश्लेषण गर्दछ । विश्लेषण वर्णनात्मक, संरचनात्मक, प्रयोजनात्मक, रूपान्तरणात्मक आदि भाषासिद्धान्तका कुनै पनि पद्धतिबाट गर्न सकिने देखिन्छ ।


### २.३.५ कृति विश्लेषणको शैलीविज्ञानको सैद्धान्तिक आधार

#### २.३.५.१ सैद्धान्तिक रूपरेखा

कुनै पनि साहित्यिक कृतिको विश्लेषण वा मूल्याङ्कन गर्ने एक आधार शैलीवैज्ञानिक पद्धति मानिन्छ। यस शोधको सैद्धान्तिक आधार शैलीविज्ञान भएकाले यसका सम्बन्धमा चर्चा गरिएको छ । यस्तो विश्लेषण वैज्ञानिक, वस्तुपरक र वर्णनात्मक हुन्छ। यस सैद्धान्तिक धारणात्मक रूपरेखामा शैलीको परिचय, शैलीविज्ञानको परिचय, सैद्धान्तिक स्वरूप, शैलीविज्ञानको प्रक्रिया आदिको अध्ययन गरिएको छ ।

#### २.३.५.२ कथानकको विकासक्रम


कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण भएको कथानकमा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :




(शर्मा, २०४८ : पृ )

उक्त कथानकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताभ लुबर्ट फ्रेटागले 'टेक्निक अफ द ड्रामा' (१८६३) भन्ने ग्रन्थमा कथानकको विकासक्रम (अवस्था) को उल्लेख गरेका छन्। फ्रेटागको

सूचीस्तम्भ तलतिर फराकिलो र माथितिर साँघुरिँदै गएको छ। यसलाई फ्रेटागको पिरामिड भनिन्छ ।




(शर्मा, २०४८ : पृ. १७१ )

## २.३.५.२ चरित्रको विश्लेषण तथा वर्गीकरण

पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, सामाजिक सम्बन्धका आधारमा आसन्नता र आबद्धता पर्दछन्। आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ। पात्रहरू कतिपय नैतिक र अभिवृतीय गुणहरूले युक्त हुन्छन्। नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ ( शर्मा, २०५९:११४)। कथामा सहभागी हुने मानवीय वा मानवेतर (व्यक्ति तथा पशुपक्षी) प्राणी चरित्रहरू नै पात्र हुन् (आचार्य, २०६६:१५४) ।कथाभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६:२७)।

कथाको कथानकको क्रियाव्यापार प्रत्यक्ष रूपमा चरित्र वा पात्रसँग गाँसिएको हुनाले कथानकलाई आगाडि डोहोऱ्याएर लैजाने कार्यका लागि मानव वा मानवेतर चरित्रको मुख्य भूमिका रहेको हुन्छ। पात्र वा चरित्रले कथावस्तुमा रहेका समाज, संस्कृति, स्वभाव र मानव सभ्यतालाई सिङ्गो तस्विरमा देखाउँछ ।

## २.३.५.२.१ लिङ्ग

पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट लिङ्ग छुट्याउन सकिन्छ (बराल र एटम, २०६६:२९)।

कथामा चरित्रलाई प्राकृतिक रूपले फरक छुट्याउने पहिलो आधार नै लिङ्ग हो। लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ। यसभित्र नायक, नायिका,

सहनायक, सहनायिका, खलनायक आदि तौरतरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ । लिङ्गका आधारमा यस आस्था/अनास्था कथाका प्रमुख रुत्री पात्र डिकुरादेवी, कर्णध्वजकी कान्छी श्रीमती हुन् ।

### २.३.५.२.२ कार्य

कथामा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा छुट्याइन्छ । मुख्य पात्र कथाको केन्द्रीय चरित्र हो । मुख्य पात्र मानवीर र कर्णध्वज रहेका छन् । सहायक पात्र कथाको केन्द्रीय पात्रलाई सहयोग गर्ने हो । यस आस्था/अनास्था कथाकी प्रमुख स्त्री पात्र डिकुरादेवी हुन् । यस कथाबाट डिकुरादेवीलाई झिकिदिँदा कथाको कथावस्तु अगाडि बढाउन सकिँदैन । डिकुरादेवी यस कथामा केन्द्रीय भूमिका खेलेकी छन् र उनलाई यस कथाकी प्रमुख स्त्री पात्र भनिन्छ ।

### २.३.५.२.३ प्रवृत्ति

यस कथामा अनुकूल र प्रतिकूल पात्र गरी दुई वर्गका रहेका छन् । कथाको कथा वस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छन् त्यो अनुकूल चरित्र मानवीर र डिकुरादेवी हुन् । उनीहरूले यस कथाको कथानकलाई अगाडि बढाउने क्रममा सकारात्मक भूमिका खेलेका छिन् । जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकूल चरित्र भएका पात्र कर्णध्वज हुन् ।

### २.३.५.२.४ स्वभाव

यस कथामा गतिशील र गतिहीन दुई स्वभावका पात्र रहेका छन् । कथाको कथानकमा वातावरणसँगै आफ्नो चरित्रलाई बदल्ने पात्र गतिशील पात्र मानवीर र डिकुरादेवी हुन् भने स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र कर्णध्वज हुन् ।

### २.३.५.२.५ जीवनचेतना

कथामा सहभागी हुने पात्रले देखाएको सामाजिक सम्बन्धका आधारमा भनौ उसले खेलेको वैयक्तिक र प्रतिनिधिमूलक भूमिकाका आधारमा प्रकार छुट्याइएको हुन्छ । जुन पात्रले नितान्त आफ्ना निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ त्यो वैयक्तिक पात्र कर्णध्वज हो भने जसले आफू बाहेक सिङ्गो सामाजिक वर्गको भूमिका निर्वाह गरी वर्गीय चरित्र देखाउँछ त्यो नै वर्गीय पात्र मानवीर र डिकुरादेवी हुन् ।

### २.३.५.२.६ आसन्नता

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्रहरू मानवीर र कर्णध्वज हन् भने कथयिताले वा अन्य पात्रले नामोच्चारण गरेको पात्रहरू पुन्टे र झाँक्री साहिँला नेपथ्य हुन् । मञ्चीय पात्र वर्तमान बिन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

### २.३.५.२.७ आबद्धता

कथाको कथानकसँग पात्रको सम्बन्ध गराइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन ।

यसरी सात आधारमा चरित्रको विश्लेषण गरिन्छ ।

### २.३.६ भाषाशैली

शैली अर्थ हो । वास्तवमा शैली रूपको अभिव्यक्ति मात्र नभई सम्प्रेषणको आर्थी पद्धति पनि हो । भाषिक संरचनाद्वारा सम्प्रेषण सम्प्रेषित कृतिभित्रको सूचनाको प्रतीयमान अर्थ वा लाक्षणिक अर्थ शैलीभित्र लुकेको हुन्छ (शर्मा, २०५५:५४१)।

शैली भाषा हो । सामान्यतया मनको भाव वा विचार व्यक्त गर्ने माध्यम भाषा हो । लिखित भाषाको माध्यमबाट स्रष्टाले आफ्नो अभिव्यक्तिलाई कलात्मक रूपमा प्रस्तुत गर्दछ र यो भाषाविना सम्भव छैन । शैली भाषाको प्रविधि हो । सामान्य भाषा व्याकरणका नियमहरूको अतिक्रमण गरेर आफ्ना रचनाहरूलाई बढी आकर्षण र प्रभावकारी तुल्याएको हुन्छ । सामान्य भाषा अभिधात्मक, एकार्थक, अनलङ्कृत, नियमित, लोकोपयोगी, सूचनात्मक र कोशीय हुन्छ भने साहित्यको भाषा लक्षणात्मक, व्यङ्ग्यात्मक, अनेकार्थक, अलङ्कृत, विचलित, भावोपयोगी एवम् सिर्जनात्मक हुन्छ । यसरी हेर्दा स्रष्टाले आफ्ना अभिव्यक्तिलाई साहित्यिक भाषाको विशिष्ट एवम् कलात्मक रूपले प्रयोग गर्ने हुनाले शैलीलाई भाषाको रूपमा लिइएको हो (शर्मा, २०५५:५४१)।

उपयुक्त परिभाषालाई संयोजन गर्दा शैलीलाई भाषिक अभिव्यक्तिको विशिष्ट ढङ्गका रूपमा अर्थ्याउन सकिन्छ । हरेक व्यक्तिको व्यक्तित्व फरक हुन्छ । व्यक्तित्वअनुसार हरेक व्यक्तिको अनुभव पनि फरक फरक हुन्छ । जे होस्, रचनामा स्रष्टाको व्यक्तिव विशेषताको छाप दिने वा विषयवस्तु अनुकूल भाव अभिव्यक्त गर्ने ढाँचा वा पद्धति नै वास्तवमा शैली हो ।

शैलीवैज्ञानिक माध्यमबाट कृतिको अध्ययन-विश्लेषणका निम्ति निम्न प्रक्रिया अपनाउन सकिन्छ

आरेख:

**साहित्यिक संरचना**
- क. बुनोट
- ख. बनोट

**शैली**
- क. चयन
- ख. अग्रभूमि निर्माण
  - अ. विचलन
  - आ. समानान्तरता
- ग. विविधता

**भाषिक संरचना**
- क. व्याकरण व्यवस्था
- ख. शब्द व्यवस्था
- ग. ध्वनि व्यवस्था

*(स्रोत, शर्मा, २०५९:६)*

**साहित्यिक संरचना**

साहित्यिक कृतिको आफ्नो संरचना हुन्छ। साहित्यिक संरचना कृतिसंग सम्बन्धित घटकहरूको योगबाट निर्मितत भएको पाइन्छ। साहित्यिक संरचनाका घटकहरू बनोट र बुनोट गरी दुई प्रकारका हुन्छन् ।

## २.३.६.१ बनोट

बनोट कृतिको बाह्य वा भौतिक पक्षसंग सम्बन्धित हुन्छ। अङ्क, दृश्य, संवाद, भाग, परिच्छेद, घटना, श्लोक आदि घटकहरू बीचको समन्वय नै बनोट हो ।

## २.३.६.२ बुनोट

यो साहित्यिक कृतिको आन्तरिक संरचना हो। बनोटका घटकहरू बीचको आन्तरिक सम्बन्ध नै बुनोट हो ।

भाषा र साहित्यका सम्बन्धमा बुनोटले कथ्यको रूपगत वा दृष्टिफलीय पक्षलाई जनाएको हुन्छ। जस्तै : छन्द, अलङ्कार, अर्थ बिम्व, प्रतीक, कथानक, चरित्र आदिको सिर्जना। यस उपकरणद्वारा शैलीविज्ञानको कृतिको रूपगत पक्ष छन्द, अलङ्कार, अर्थ, विम्ब, प्रतीक, कथानक, चरित्र आदिको कृतिसंग वैयक्तिक वैशिष्ट्यलाई केलाउँछ (भण्डारी र अन्य, २०६८:३२) ।

### २.३.६.३ चयन

लिचको भनाइअनुसार शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भनिन्छ ( ढुङ्गेल र दाहाल, २०६८:१०३। समानान्तर प्रवृत्तिका विकल्पहरूमध्येबाट उपयुक्त विकल्पको छनोट गर्ने प्रक्रियालाई चयन भनिन्छ।

### २.३.६.२ अग्रभूमि निर्माण

रचनाको कुनै भागलाई विशिष्ट तुल्याउन त्यो भागमा बल दिनु अग्रभूमि निर्माण हो ( शर्मा, २०५५:२१)। भाषिक प्रयोगका अधिकताले रूढ र यान्त्रिक हुन लागेको प्रयोगलाई टुटाएर विशिष्टता ल्याउने प्रक्रियालाई अग्रभूमि निर्माण भनिन्छ। अग्रभूमि निर्माण सम्बन्धी धारणाको प्रतिपादन जे मुकारोब्स्कीले सन् १९३० मा गरेका हुन्। अभिव्यक्तिमा अनौठोपन र प्रभावकारिता ल्याई शीर्षीकरण गर्नका निम्ति यसको महŒव अत्यधिक रहेको बुझ्न सकिन्छ (भण्डारी र अन्य, २०६८:३८)।

अग्रभूमिमा नवीनता, असामान्यता, अप्रायिकता र अनपेक्षितता जस्ता विशेषता भेटिन्छन्। यसका साथै प्रचलित प्रयोगभन्दा बढी स्मरणीय हुनु, प्रभावशाली हुनु, महŒवपूर्ण हुनु, अनौठोपन वा वक्रताले गर्दा चर्चित वा व्याख्येय बन्न सक्नु, अग्रभूमिलाई पहिचान गर्ने आधार मानिन्छ ( अधिकारी, २०६२:२७५)।

### २.३.६.२.१ विचलन

प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो (भण्डारी र अन्य, २०६८:३८)। सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ। प्रचलित पथ वा मानक प्रयोगलाई उललङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ ( अधिकारी, २०६२:२०७५)। मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ। (शर्मा, २०५९:८) सामान्य भाषिक व्यवहारमा हुने भाषिक नियमको अतिक्रमण वा मानकेत्तर प्रयोगलाई विचलन भनिन्छ (गौतम, २०६९:२९)। प्रचलनमा रहेको वा चलनचल्तीको भाषिक नियमको स्वीकृत वा निर्धारित सीमालाई त्याग गरी मानकेत्तर प्रयोगलाई ग्रहण गर्नु नै विचलन हो। विचलनहरू निम्नानुसार देखाउन सकिन्छ :

**- कोशीय विचलन**

सम्बन्धित शब्दकोशमा नभएर भाषिक प्रयोगमा नआएका नयाँ नयाँ शब्दहरूको सृजना गरी प्रयोगमा ल्याउनु नै कोशीय विचलन हो। कसैले प्रयोग नगरेको वा सामान्य भाषिक

प्रयोगमा नआएका शब्दहरूको निर्माण गरी प्रयोग गर्नु कोशीय विचलन हो, जस्तैः लक्ष्मीप्रसाद देवकोटाले गोब्रिलो, मान्द्रिलो, गुन्द्रिलो आदि प्रयोग गर्नु (भण्डारी र अन्य, २०६८:३९) ।

**- व्याकरणिक विचलन**

लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदि अस्थिर रूपमा व्याकरण असम्मत तौरतरिकाले देखिने विचलन नै व्याकरणिक विचलन हो । लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा विचलन देखिनु व्याकरणिक विचलन हो । जस्तै : बहिनी आउँछे कि भनेर उनीहरू पर्खिरहँदो हो (भण्डारी र अन्य, २०६८:३९) ।

**- ध्वनिप्रक्रियात्मक विचलन**

भाषाको आधाकारिक एवम् मापदण्डभन्दा पृथक् रूपमा उच्चारण हुनु नै ध्वनि प्रक्रियात्मक विचलन हो । उच्चारणका क्रममा देखिने विचलनलाई नै ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । (ढुङ्गेल र दाहाल, २०६८:१०४) जस्तै : हिड्दउँन ( हिड्दैनौं ), तपैं (तपाईं), हामेरु ( हामीहरू) ।

**- अर्थतात्त्विक विचलन**

व्याकरणिक व्यवस्थाभित्र चल्दोमिल्दो नियम वा उपायलाई भङ्ग गरेर कोशीय अर्थलाई उल्लङ्घन गर्दै शब्दहरूको लक्षणात्मक, व्यञ्जनात्मक, बिम्बात्मक र प्रतीकात्मक तरिकाले अर्थ प्रदान गरेर सर्जकले आङ्कारिक वा ध्वान्यात्मक अर्थको निम्ति अन्यार्थमा प्रयोग गर्नु नै अर्थतात्त्विक विचलन हो । अर्थमा विचलन देखिनु नै आर्थी विचलन हो (भण्डारी र अन्य, २०६८:३९) । जस्तै : यी ढुङ्गा पनि रोइरहेका होलान् ।

**- लेख्य प्रक्रियात्मक विचलन**

लेखन प्रक्रियाको सिलसिला वा सम्बद्ध विषयमा देखिने विचलनलाई लेख्य प्रक्रियात्मक विचलन भनिन्छ । सर्जकले साहित्यिक सिर्जनालाई शब्दहरू प्रयाप्त नहुँदा चिह्नहरूको प्रयोगले भाव प्रकट गर्न खोज्दा लेख्य प्रक्रियात्मक विचलन देखिन्छ । शब्द लेखाइको सन्दर्भमा देखिने विचलन लेख्य प्रक्रियात्मक विचलन हो । जस्तै : म त तिम्री भनेपछि ........ (भण्डारी र अन्य, २०६८:३९) ।

**- भाषिक विचलन**

मानक भाषाको सट्टा स्रष्टाले सिर्जनालाई विलक्षणता दिन भाषिका तथा उपभाषिकाका शब्दहरूको प्रयोगलाई भाषिका विचलन भनिन्छ । अन्य भाषिकाका विशेषताको प्रयोग गर्नु

भाषिकागत विचलनभित्र पर्दछ, जस्तै : बल्ल-गोरु, भुइँसी-भैंसी, बुइनी-बहिनी, ओलन-दूध आदिको प्रयोग (भण्डारी र अन्य, २०६८:३९) ।

**- प्रयुक्ति विचलन**

एउटा सन्दर्भ वा सिलसिलामा प्रयुक्त भाषालाई अर्को सन्दर्भ वा सिलसिलामा प्रयोग गर्दा हुने विचलनलाई प्रयुक्ति विचलन भनिन्छ। एउटा परिस्थितिमा वा प्रसङ्गअनुरूपको भाषाको अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु प्रयुक्तिगत विचलन हो। जस्तै : जङ्गलवासी भयङ्कर डाँकाहरू प्रत्येक शीत ऋतुमा कीराहरूको संहार गर्छन् आदि (भण्डारी र अन्य, २०६८:३९) ।

### २.३.६.२.२ समानान्तरता

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् (शर्मा, २०५९:८)। समानान्तरताले समान तत्वहरूको पुनरावृत्तिलाई जनाउँछ (अधिकारी, २०६२:२७२) । विचलनको विपरीत रूपमा देखिने उपकरणलाई समानान्तरताको नामले चिनिन्छ। विचलन स्वयम्मा नियमितता होइन तर अतिरिक्त नियमितता चाँहि समानान्तरता हो। यसरी चलनचल्तीको नियमलाई पुनः प्रयोग वा एकभन्दा बढी पटक दोहोऱ्याउने कार्य नै समानान्तरता हो। यसले भाषाको प्रयोगमा काइदाअनुसारको नियमितता सिर्जना गरेर आकर्षण बढाउँछ। यो दुई प्रकारको हुन्छ :

**- बाह्य समानान्तरता**

विशेष गरेर भाषाका बाहिरी तह ध्वनि वा दर्षका बारम्बारका आवृत्तिलाई बाह्य समानान्तरता भनिन्छ। जस्तै : कृष्ण भनेका कविका कल्पनाबा बारण जन्मेका कपोलकल्पित कुरा हुन्।

**- आन्तरिक समानान्तरता**

यो विशेष गरेर अर्थका तहमा देखा पर्दछ। जस्तै : पूर्वतिर लालिमा छायो। चराहरू चिरबिर गर्न थाले। उज्यालो भयो।

### २.३.६.२.३ विविधता

विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता भनिन्छ (भण्डारी र अन्य, २०६८:४१)। शर्माको भनाइअनुसार विषय र प्रयोगकर्ता अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदहरूलाई विविधता

भनिन्छ (भट्टराई, २०६१:१५ ) । प्रयोगकर्ता र विषयको कारणले देखा पर्ने भाषिक भेदहरूलाई विविधता भनिन्छ (गौतम, २०६१:३०) ।

कुनै पनि कृतिमा देखापर्ने भाषाका बेग्लाबेग्लै भाषिकाहरूलाई विविधता भनिन्छ । यस्ता भाषिका र उपभाषिकाको प्रयोगले परिवेश र प्रभाव क्षेत्रअनुसार रचनालाई चित्ताकर्षक बनाउन मद्दत गर्दछ। निष्कर्षमा भन्नुपर्दा वैयक्तिक भिन्नता, विषयगत भिन्नता र भाषिक भेद तथा उपभेदलाई नै विविधता भनिन्छ ।

## २.४ निष्कर्ष

शब्दनिर्माण प्रक्रियाअनुसार संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको निर्माण भएको हो । 'शील' शब्दमा 'ई' प्रत्यय लागेर शैली शब्दको निर्माण भएको पाइन्छ । शैलीका अङ्ग्रेजी समकक्षी शब्द क्तथभि हो । क्तथभि शब्द ल्याटिनको क्तषगिक बाट उद्धृत भएको हो । पाश्चात्य वाङ्मयमा शैलीको चर्चा परम्परादेखि नै  गरिएको थियो । प्राचीन युरोपका ग्रीसेली-रोमेली शैलीगत अध्ययनका उल्लेख्य स्रोत हुन् : साहित्यशास्त्र, वक्तृताशास्त्र र व्याकरण । यी मध्ये साहित्यशास्त्र र वक्तृताशास्त्र अन्तर्गत नै मुख्यतः भाषा र शैलीको बारेमा अध्ययन हुँदै आएको पाइन्छ र यस शैलीगत अध्ययनको भाषिक आधारचाहिँ गिसेली र ल्याटिन व्याकरणबाट नै प्राप्त हुँदै आएको हो (त्रिपाठी, २०५८:३१६) । पूर्वमा भामह, आनन्दवर्धन, कुन्तक, भरतमुनिले शैलीको चर्चा नगरे पनि अलङ्कार, रीति, वक्रोक्तिको चर्चा गरेको पाइन्छ । पूर्वीय विद्वान्हरूले अलङ्कार, रीति, वक्रोक्ति आदिलाई शैली अन्तर्गत राखेर चर्चा गरेको पाइन्छ। पाश्चात्य साहित्यमा अरस्तुकै पालादेखि शैलीको चर्चा हुँदै डायोनोसियस, इलिपड, लुकास आदिबाट अगाडि बढ्दै गरेको शैलीविज्ञानले सस्युर र उनका चेला चार्ल्स बालीको आगमनले आधुनिक युगमा प्रवेश गरेको पाइन्छ । वर्तमान शैलीको अध्ययन गर्ने विज्ञानलाई सामान्य अर्थमा शैलीविज्ञान भने पनि भाषाका माध्यमबाट वैज्ञानिक र वस्तुनिष्ठ आलोचनालाई नै शैलीविज्ञान भनिन्छ । शैलीविज्ञानले भाषाज्ञानको सहयोगमा कृतिको वस्तुपरक वैज्ञानिक अध्ययन-विश्लेषण भाषा-परक रूपमा गर्दछ ।

यस अध्यायमा यसै अध्ययनको प्रक्रिया र विधिका सम्बन्धमा चर्चा गरिएको छ । शैलीविज्ञानले आख्यानात्मक कृतिका कथानक, चरित्र, चयन, विचलन र समानान्तरताको अध्ययन गर्दछ । यहाँ प्रस्तुत शोधका लागि यिनै सैद्धान्तिक आधारको अध्ययन गरिएको छ ।

# अध्याय - तीन

## अध्ययनको विधि र प्रक्रिया

### ३.१ अध्ययनको विधि

भाषिक अनुसन्धान गर्ने क्रममा कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धान गर्दा अपनाइने तरिका वा प्रविधिलाई अनुसन्धान विधि भनिन्छ। यसको अध्ययन विषय र प्रकृति अनुसार फरक-फरक विधिमा आधारित हुन्छन्। प्रस्तुत 'सङ्कल्प' कथासङग्रहमा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा निम्नलिखित विधिहरूको अवलम्बन गरिएको छ था।

### ३.२ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षक 'सङ्कल्प' कथासङग्रहमा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययनलाई पुस्तकालयको माध्यमबाट अनुसन्धान गरिएको छ। यसमा पुस्तकालयमा गई पुस्तकको अध्ययन, विश्लेषण समीक्षा गरिएको छ। यस शोधकार्यमा 'सङ्कल्प' कथा सङ्ग्रहमा समाविष्ट कथाहरूमध्ये **चोरिएको निद्रा** कथाको कथावस्तु, पात्र, चयन, विचलन, समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन गरिएको छ।

### ३.३ जनसङ्ख्या तथा नमुना

प्रस्तुत शोधकार्यका लागि जनसङ्ख्याका रूपमा डिल्लीराज नेपालद्वारा लिखित सङ्कल्प कथा सङ्ग्रहलाई तथा नमुका रूपमा सो कथा सङ्ग्रहमा समाविष्ट **चोरिएको निद्रा** कथाका कथानक, पात्रविधान, चयन, विचलन र समानान्तरतालाई लिइएको छ।

### ३.४ तथ्याङ्क सङ्कलनका विधि

प्रस्तुत शीर्षक 'सङ्कल्प' कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययनलाई पूरा गर्न आवश्यक पर्ने तथ्याङ्कहरूको स्रोत सङ्कलन निम्न दुई तरिकाबाट गरिएको छ :

### ३.४.१ प्राथमिक स्रोत

'सङ्कल्प' कथा सङ्ग्रहमा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययनलाई प्राथमिक स्रोतको रूपमा डिल्लीराज नेपालद्वारा रचना गरिएको 'सङ्कल्प' कथा सङग्रहलाई लिइएको छ। यसैका आधारमा 'सङ्कल्प' कथा सङ्ग्रहमा समाविष्ट कथाहरूमध्ये **चोरिएको निद्रा** कथाको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ।

### ३.४.२ द्वितीयक स्रोत

प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गगर्नाका साथै द्वितीयक स्रोतबाट सैद्धान्तिक आधार तयार पारिएको छ । त्यसका लागि 'सङ्कल्प' कथा सङ्ग्रहसंग सम्बन्धित विभिन्न लेखकहरूले लेखेका लेख रचनाहरूलाई अध्ययन सहयोगी सामग्री मानिएको छ। यसैगरी अध्ययन गरिने विषयसँग सम्बन्धित सन्दर्भ पुस्तकहरूको अध्ययन विश्लेषणलाई अध्ययनको स्रोत सामग्री बनाइएको छ। यस अनुसन्धान प्रतिवेदनलाई पूर्णता दिनका लागि विभिन्न व्यक्ति वा समूहले त्यसभन्दा अघि गरेका अध्ययन अनुसन्धान प्रतिवेदन र प्रकाशित वा अप्रकाशित पूर्वकार्यहरूलाई अध्ययनको सामग्रीको रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत शोधकार्यमा तथ्याङ्क सङ्कलन गर्दा विभिन्न साधनहरूको प्रयोग गरिएको छ। पुस्तकालयको माध्यमको अवलम्बन गरी तयार गरिने अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न पाठपत्र, सूचीपत्र, टिपोटपत्र, तालिका आदि साधनहरूको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानलाई पूर्णता दिनका लागि तथ्याङ्कका साधनहरूको साहारा लिइएको छ। यस क्रम 'सङ्कल्प' कथा सङ्कलनको कथा सङ्ग्रहको अध्ययन पश्चात टिपोट पत्रमा मुख्य बुँदाहरू टिपोट गरिएको छ। यसै गरी कथामा प्रयुक्त चयन, विचलन, समानान्तरता आदिका वाक्य तथा शब्दहरूलाई सूचीबद्ध, तालिकीकरण गरिएको छ। यसरी अध्ययन पश्चात टिपोट गरिएका तथ्याङ्कहरूलाई व्यवस्थित गरिएको छ ।

## ३.७ तथ्याङ्क विश्लेषण विधि

यस अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन गरेर त्यसलाई व्यवस्थित गरी विश्लेषण गरिएको छ। विश्लेषण गर्ने क्रममा मूलतः वर्णनात्मक विधिलाई प्रयोग गरिएको छ। सङ्कलित सामग्रीहरूलाई भाषिक एवम् रचनात्मक शैलीविज्ञानको विश्लेषणात्मक पद्धति अपनाएर अध्ययन विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययन विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अध्ययन अनुसन्धानको महत्वपूर्ण पक्ष हो। विभिन्न स्रोतहरूबाट जानकारीलाई व्याख्या विश्लेषण गरी अन्तिम निष्कर्षमा पुग्न सकिन्छ। यस अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन मुख्यतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी

सामग्री सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्न विभिन्न पाठ्यपुस्तक, शब्दकोश, प्रकाशित र अप्रकाशित शोधपत्रहका साथै कथा सङ्ग्रह, त्यससँग सम्बन्धित अन्य टिपोटहरू पनि समावेश गरी सामग्री लिएको छ। सामग्री सङ्कलन गरी सकेपछि पुस्तकालयीय विधिलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ। आवश्यकतानुसार रचनाकारसँग प्रत्यक्ष प्रश्नोत्तर गरी तयार गरिएको छ। प्रस्तुत शोधको मूल्याङ्कन गर्दा सङ्कल्पमा समाविष्ट कथाहरूको शैलीवैज्ञानिक अध्ययन गरिएको छ।

प्रस्तुत शोधपत्रमा सङ्कल्पमा समाविष्ट कथाहरूको कथानक, चरित्रचित्रणका कार्य, लिङ्ग, प्रवृत्ति, स्वभाव, सामाजिक सम्बन्ध, आसन्नता, आबद्धताका आधारमा वर्गीकरण गर्नुका साथै शैलीविज्ञानका प्रमुख मान्यता चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ।

## अध्याय - चार

## चोरिएको निद्रा कथाको विश्लेषण

### ४.१ विषय प्रवेश

कथाकार रीता ताम्राकारद्वारा लिखित संवेग कथासङ्ग्रहभित्र जम्मा २१ वटा कथाहरु रहेका छन् । कथा सङ्ग्रह वि. सं. २०७४ सालको चैत्र महिनामा प्रकाशित कृति हो भने यसको विमोचन भने २०७५ असोज २० गते मात्र विमोचन भएको पाइन्छ । यस कृतिको बाहिरी आवरण पृष्ठ सहित २१२ पृष्ठ रहेको छ जसमा देवी, आउट पास, चोरिएको निद्रा, धनेश्वरकी साहिँली, कार्की बाको मुस्कान, साह्रै सोमबार, अकल्पनीय दृश्य, उद्वेलित संवेग, चोटका टाटाहरु, अनुत्तरित प्रश्न, स्मृतिका डोब, बिथोलिएको मन, सधैँझैँ आज पनि, अढाई लाखको चेक, शङ्काको किनारा छैन, विवशता, गिद्धभोज, तृषित मन, हठ, समयको गति, बाफिलो मौनता रहेका रहेका छन् । जसमा तेस्रो कथा चोरिएको निद्रा समावेश भएको छ । यस शोधपत्रमा **चोरिएको निद्रा** कथाको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

### ४.२ कथानक

साहित्यका विभिन्न आख्यानात्मक विधामा कथानकको स्थान महŒवपूर्ण रहन्छ । जसको आधारमा आख्यानको निर्माण सम्भव रहन्छ । कथानकले विभिन्न खालका समाजमा घट्ने वा घटिरहेका घटनाहरूको शृङ्खलावद्ध रूपमा मिलाउनुका साथै तिनीहरूको कार्यकारण सम्बन्ध स्थापित गराउँछ। त्यसकारण स्रष्टाले सृजना गरेका कथानकै माध्यमबाट आफ्ना, धारणा र विचारलाई कलात्मक रूपमा पाठक समक्ष प्रस्तुत गर्ने कार्य गर्दछ ।

कथानक कथाको आधारवस्तु हो। यसले कथालाई एउटा घटनाक्रमको शृङ्खलामा मिलाएर कृतिलाई पूर्णता दिन्छ। यही विशिष्ट तŒव नै कथानक वा कथावस्तु हो। कथावस्तु विना कथाले पूर्णता पाउन नसक्ने भएकाले कथाको अनिवार्य तŒवका रूपमा कथानकलाई लिन्छ। कथानक कथामा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो। यसमा आउने घटनाहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन्। द्वन्द्व एवम् क्रियाव्यापारलाई समायोजन गर्दै कथाको मूल मर्मलाई सटिक ढङ्गमा प्रस्तुत गर्ने कथावस्तु कथाको प्राणतŒव हो । कथावस्तुको अभावमा कथा निर्जीव बन्ने हुनाले यसको महŒव अतुलनीय रहेको हुन्छ ।

## ४.२.१ चोरिएको निद्र कथाका कथावस्तुको परिचय

प्रस्तुत **संवेग** कथा सङ्ग्रहभित्रको 'चोरिएको निद्रा' कथाको कथावस्तु, कथाको आरम्भ, मध्यकथा, उत्तर कथा, कथान्तरको क्रमसँगै वृत्तकारीय ढाँचामा स्थापित मान्यताका आधारमा, पात्रको मनोदशा वा परिवेश प्रकृति, द्वन्द्वको सघन उद्‌घाटन पश्चात कथावस्तु फ्रेटागको पिरामिड अनुसार, चिनारी, सङ्घर्ष, विकास, चरम, सङ्घर्षह्रास र उपसंहारमा देखाइएको छ ।

कथाकार रीता ताम्राकारको तेस्रो कथा सङ्ग्रह "**संवेग** हो । सङ्ग्रहमा राखिएको नाम **संवेग**ले आवेग, तीव्रवेग, द्रुतगति, शीघ्रता, प्रचण्डता, उग्रता भन्ने बुझाउँछ । समाजमा घटेका विविध घटना, परिघटनाले लेखकको मनमा आवेग, व्यग्रता र उग्रता जस्ता भावहरू उत्पन्न गराएर लेखिएका हुन सक्ने कथाहरू भएकाले यो कृतिको संवेग रहेको पाइन्छ ।

यस कृतिमा कथाकारले □प□□ जीवननमा भोगेका, आफूले प्रत्यक्ष रूपमा देखेका अप्रत्यक्ष रूपमा सुनेका समाजका घटनाहरू, समाजमा चलिआएको रुढिवादी परम्परा, विदेशिएका युवाहरूको पीडा र व्यथाका साथै समाजमा घट्‌न सक्ने संभावित घटनालाई कथात्मक शिल्प भरेर व्यङ्ग्यात्मक ढङ्गले व्यक्ति, परिवार, समाज र सिङ्गो राष्ट्रप्रति सचेत गराउन खोजिएको कथा सङ्ग्रह **संवेग**लाई अध्ययन गरिएको छ ।

संवेग कथासंग्रहभित्रको 'चोरिएको निद्रा' कथामा कथाकारले एकल भएर बाँच्न कति सहज हुन्छ वा गाह्रो हुन्छ भन्ने कुरा मकरे पात्रका माध्यमबाट प्रस्तुत गरेकी छिन् । लाउँ, खाउँ उमेरमा मकरेकी श्रीमती मरेपछि छोराछोरी र मकरेको हरिबिजोग भएको छ । मकरेलाई श्रीमती रोगी भई भन्ने पीडाले सताइरहेको बेला श्रीमतीको निधनले उसलाई थप पीडा भएको छ ।

शान्तिको मृत्युपछि तीनभाइ छोरामध्ये जेठो परदेश भएको र माइला र कान्छाले काजक्रिया गरिरहेको अवस्थामा गाउँलेहरु भेला भई श्रीमती मरे पनि बूढो चाहिँ राम्रा-राम्रा लुगा लगाएर, हातमा घडी टल्काएर, गजक्क परेर बसेका छन् भनेर कुरा काटे । कुरा काट्नेमध्ये एकजना गाउँले बूढी मर्दा बूढाले लुगा लगाउनु हुँदैन भनेर कुन शास्त्रमा लेखिएको छ भनेर प्रतिप्रश्न गरिएको छ भने अर्को गाउँलेले यी बूढा त मेरी बूढी रोगी भई, मेरो त केही कामकी भइन् भन्दै ठट्टा गर्ने तर बूढी चाहिँ बूढालाई देउता जस्तै मान्थिन् भनेर चर्चा परिचर्चा गरिरहेको अवस्था हुन्छ । माइँली बुहारीले आमा खसेपछि ससुराको हेराई अनौठो लागेको र लोग्नेहरु कामतिर लागेपछि कसरी पो घरमा बस्ने होला भनेर कमजोर बनाइरहेको मुटु कान्छी बुहारी धारिलो बोलीले बूढाको मन धरधरी च्यातिएको कुरा कथाकारले कथाको माध्यमबाट व्यक्त गरेकी छिन् ।

बुहारीहरुको यस्तो कुराले माइँला छोराले बुबाको हातखुट्टा नबसेको र तातो चिसो पकाएर बुबालाई खान दिए पुगिहाल्ने कुरा बताएको पाइन्छ । सबैको कुरा सुनिरहेको कान्छाले सबै काम छोडेर बुबालाई स्याहारेर बस्नु त भन्ने कुराले एकछिन चकमन्न भएको बेला कान्छाको कुरालाई असमर्थ जनाउँदै यसो भनेको होइन । कुनै अर्कै उपाय गर्नुपर्छ भनेको भन्दै कान्छीले कुरा मोडिएपछि उपाय खोज्ने क्रममा माइँली बुहारीले सुविधा सम्पन्न, मेडिकलको पनि व्यवस्था भएको ओल्ड एज होमहरु खोलिएको र उतै बुबालाई पनि बस्न मिल्छ होला भन्ने भाव प्रकट भएको छ भने माइला छोराको विचारमा आमाको वार्षिकीपछि बुबाको विषयमा केही सोच्ने कुरा हुन्छ ।

आफूप्रति सबैको भाव बुझिसकेपछि मकरे व्यथैव्यथाले भरिएको मन लिएर सम्झन्छ- “आफूले सिर्जना गरेको सुन्दर सृष्टि । सन्तानरुपी फूल मगमगाएर फुलाएको बगैँचा । कसरी ती सबैबाट अलग्गिएर बाँच्न सक्नु । यो सबै जीवनबाट अलग्गियो भने त जीवनमा रहर, तृष्णा र स्वरहरु नै खोसिन्छन् नि” भनी मकरे दुःखी हुन्छ ।

उसलाई घर घरजस्तो लाग्दैन । सहर सहरजस्तो लाग्दैन । विश्वासका घण्टहरुले निरर्थक बेसुरा ध्वनि फालेजस्तो मकरेलाई लाग्छ । छोराबुहारी ऊबाट टाढा रहन चाहन्छन् ।

जीवनको उत्तरार्द्धमा आएर मकरेले अविश्वास र शङ्काको घेरामा बेरिएर जीवन खिसार्नुपर्ने बाध्यता भोगिरहेको ताम्राकारले यस कथामार्फत देखाएकी छिन् । मकरेलाई बुहारीहरुले छुतका रोगीलाई जस्तै अलग राखेका र उसका हरेक कामलाई नकारात्मक दृष्टिले हेरेका छन् भने संसार यस्तै हो भनेर मन बाध्न खोज्दा पनि डोरी चिम्पिएर बाँध्न नमिल्ने हुन्छ । विगतलाई सम्झेर वर्तमानलाई शून्यमा जिउनु, भविष्य महाशून्यमा परिमार्जित देख्नु मकरेको नियति बनेको कुरा कथाकारले चोरिएको निद्रामा देखाएकी छिन् ।

कथाको माध्यमबाट मकरेले आश्रय पाउँदैन । उसलाई निद्रा पर्दैन । रातभर उसको निद्रा चोरिरहन्छ । ऊ विरक्तमा छटपटिरहन्छ । उसलाई समाजले हेर्ने दृष्टि पनि फरक हुन्छ । उसलाई गाउँका आइमाईहरु राँडो भनेर ऊबाट टाढा रहन चाहन्छन् । एक्लिएको मकरेलाई रातबिरात ऐØया, आत्था हुँदा उसलाई के भयो भनेर सोध्न कोही आउँदैन । छोराहरू पनि बाबु स्याहार्न काम छोडेर आउनु ? भनेर झर्कन्छन् । श्रीमतीको मृत्युपछि सहाराविहीन बनेको मकरे भनिने पात्र कथाकारले यहाँ उभ्याएकी छिन् । उसले □प□□ बालसखासँग सबै कुरा पोखेर बालसखाको निद्रालाई पनि छताछुल्ल बनाइदिएको छ । यस कथाको माध्यमबाट एकल भएर बाँच्नु कति कठिन हुँदा रहेछ भन्ने भाव व्यक्त गरिएको छ । यस कथामा पत्नीको वियोगपछि पतिले भोग्नुपरेका पीडा र व्यथाको कुरा कथामार्फत् छर्लङ्ग पारिएको छ ।

### ४.२.२ कथानकको विकास


जर्मन समालोचक गुस्ताब प्लुबर्ट फ्रेटागमले प्रतिपादन गरेका सिद्धान्त कथानकको विकासक्रमका पाँच अवस्थालाई माथिको पिरामिडमा देखाइएको छ ।

आख्यानात्मक विधाका रूपमा कथावस्तु एक महŒवपूर्ण रूपमा रहेका हुन्छन् जसमा घटना र परिघटनाहरू चरणबद्ध रूपमा कथानकको विषयवस्तु आदि, मध्य र अन्त्यको रूपमा आएको हुन्छ त्यस कारण फ्रेटागले विकास गरेका चिनारी, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहारसमेत सिद्धान्तलाई महŒवपूर्ण रूपमा लिइन्छ ।

रीता ताम्राकारद्वारा लिखित **संवेग** कथा सङ्ग्रहको कथामा विभिन्न भागहरू रहेका छन् जसमा लामा छोटा भागहरू हेर्दा २१ कथाहरु रहेका छन्, जसमा आधार कथा २०७ पृष्ठको लमाइमा छ । जसमध्ये ‘चोरिएको निद्रा’ कथाको विश्लेषण गरिएको छ ।


कथावस्तुलाई सुस्पष्ट गोरेटो प्रदान गर्ने कार्य कथानकले गर्दछ । कथावस्तुमा उपयोग हुने घटनावलीहरूको कालक्रमिक शृङ्खलाहरूको ढाँचा तथा आदि, मध्य र अन्त्य भागको क्रमबद्ध प्रस्तुतिलाई कथानक भन्ने गरिन्छ ।

कथानकको आङ्गिक विकास भनेको आदि, मध्य र अन्त्यको समुचित विन्यास हो । आङ्गिक दृष्टिले पूर्ण भएको कथानकमा आदि, मध्य र अन्त्यको अवस्था विकसित भएको हुन्छ । जसलाई निम्न अनुसार देखाउन सकिन्छ :




उक्त कथानकको विकासक्रमलाई जर्मनेली समालोचक गुस्ताभ फ्लुवर्ट फ्रेटागले ‘टेक्निक अफ द ड्रामा’ (१८६३) भन्ने ग्रन्थमा कथानकको विकासक्रम (अवस्था) को उल्लेख गरेका छन् ।

फ्रेटागको सूचीस्तम्भ तलतिर फराकिलो र माथितिर साँघुरिँदै गएको छ । यसलाई फ्रेटागको पिरामिड भनिन्छ ।




फ्रेटागका अनुसार चोरिएको निद्रा कथाको कथानकको विकासक्रमलाई निम्नानुसार देखाइन्छ :

**आरम्भ/चिनारी**

क) शान्ति भाउजू रातो साडीमा सजिएर हिँड्नु,

ख) मकरेका तीन भाइ छोरा हुनु,

ग) मकरेका घरव्यवहारमा फूलको सुगन्ध आउनु,

घ) शान्तिलाई बिराम लाग्नु,

ङ) शान्ति बिरामी भएर ओछ्यान पर्नु,

**सङ्घर्ष विकास**

क) अधिकांश सन्तानहरु भेला हुनु,

ख) छरछिमेकी, इष्टमित्र र आफन्तजनहरु थपिनु,

ग) शान्ति भाउजुको आत्मशान्तिका लागि मकरे घर आउनु,

घ) छरछिमेकीले र छोराहरुले शान्ति भाउजूको लागि भागवत पाठ गर्दिनु,

ङ) आफन्तहरु भेला भएर शान्तिको शीघ्रस्वास्थ्य लाभको कामना गर्नु,

च) अन्त्यमा शान्ति भाउजूको मृत्यु हुनु,

**मध्य/चरम**

क) मकरेकी पत्नीको मृत्युले मकरेलाई अत्यन्त पीडाबोध हुनु,

ख) बुढी मरेको अनुहार अँध्यारो हुनुपर्ने तर ऊ त नयाँनयाँ लुगा लगाएर बसिरहेको छ भने गाउँका महिलाहरुले कुरा काट्नु,

ग) बुढी मर्दा आँसु नझारेको भनी आलोचना गर्नु,

घ) कहिले बुढी मर्नु र अर्की तरुनी श्रीमती ल्याऊँ भनी बुढाले दाउ हेरेको भनी टिकाटिप्पणी गर्नु,

ङ) छोराबुहारी सबै काममा हुनु,

च) बुढीको शोक मनाउन छोडेर बुढा गजक्क परेर मस्किएर बसेको भनेर पुनः गाउँलेले कुरा काट्नु,

छ) बुढी रोगी भई भनी मकरे छिल्लिन्थ्यो भनी गाउँले आइमाईले कुरा काट्नु,

ज) बुढीचाहिँ लोग्ने भनेपछि देवता समान मान्थी तर बुढो भने यस्तो पातकी भनी अझै कुरा काट्नु,

झ) त्यस्ती भद्र शान्ति भाउजूलाई राम्रोसँग उपचार नगरी भाउजू गइन् तर मकरेलाई केही चिन्ता छैन भनी टिकाटिप्पणी गर्नु,

ञ) जीवनसाथीसँग सदाका निम्ति बिछोडिनु परेकोमा दुःखी छैन त मकरे भनी निन्दा गर्नु,

ट) भाउजू मर्नासाथ अर्की ल्याउँछु भन्ने सोचमा होला मकरे भनी अनुमान गर्नु,

ठ) भाउजूप्रति मकरे निर्दयी भयो भनी निन्दा गर्नु तर कसैले भाउजू मरे पनि मकरेको के दोष भनी मकरेको समर्थन गर्नु,

ड) भाउजूप्रति मकरे निर्दयी रह्यो भनी सबै गाउँलेले मकरेमाथि नराम्रो दृष्टिले हेर्नु,

ढ) स्वास्नी मर्दा राम्रो लुगा लगाउनु हुन्न भन्ने कानूनमा लेखेको छैन भनी कसैले विरोध गर्नु,

ण) मकरेले बालापनको साथीलाई भेटेर त्यो साथीले मकरेको समर्थन गर्नु,

त) मकरेलाई छिमेकीहरुले आलोचना गर्नु,

थ) मकरेमाथि छोराबुहारीले बाबु पाल्न सकिँदैन भनी विवाद गर्नु,

द) तर छोराबुहारीका कुराले मकरेलाई निद्रा नपर्नु,

ध) छोराबुहारीले मकरेलाई मर्नु न बाँच्नुको अवस्था बनाउनु,

**सङ्घर्षह्रास**

क) मकरेलाई बुहारीहरुको कुराले मन बहलाउने ठाउँ नहुनु,

ख) एकल पुरुष भएर बाँच्नु समाजको आलोचित व्यक्ति मात्र हो भनेर मकरेलाई महसुस हुनु,

ग) मकरेले बालापनको साथीलाई सबै कुरा सुनाउँदा उसलाई पनि निद्रा नपर्नु,

घ) मकरेलाई बालापनको साथीसँग मनको बह पोखेपछि केही निद्रा परेजस्तो हुनु,

ङ) यता साथीलाई रातदिन यही कुराले पिरोल्नु,

च) मकरेको तन्द्रा उडेपछि ऊ भावविह्वल हुनु,

छ) ६ महिना भयो भाउजूले संसार छोडेको मकरेको घाउ आलै छ भनी साथीले सम्झाउनु,

ज) आफूलाई मात्र परेको भनी पिर नगर भनी थम्थमाउनु,

झ) आफ्नो मनलाई आफैँ बाँध भनी सम्झाउनु,

ञ) आफ्नो सम्पूर्ण जीवन छोराहरुका लागि खर्चिएँ तर शान्ति मरेको केही दिनमै मेरो यो दशा भयो भनी मकरे पछुताउनु,

ट) चिसो ओछ्यानमा कसैले उसको शरीर स्पर्श गरेको जस्तो भान हुनु,

ठ) रातदिन गाउँले र आफन्तहरुको आलोचना, टिकाटिप्पणी मकरेले सहिरहनु तर शान्तवना दिने एउटा साथीमात्र भएजस्तो मकरेलाई लाग्नु,

ड) बुहारीहरुले पनि आमा मरेपछि ससुराको हेराइ त अनौठो लाग्छ भनी मकरेप्रति शंका गर्नु,

ढ) लोग्नेहरु कामतिर लागेपछि कसरी घरमा बस्नु भनी बुहारीहरु शसंकित हुनु,

ण) छोराहरुले पनि काम छोडेर बाबु स्याहारेर बस्नु त भनी झर्कनु,

त) अर्को छोराले बुबालाई तातोचिसो पकाएर खुवाए पुगिहाल्छ बुबाको हात बसेको छैन भनी समर्थन गर्नु,

थ) बुहारीले सुविधा सम्पन्न ओल्ड एज होम खुलेका छन् भनी वृद्धाश्रममा पठाउने योजना बनाउनु,

**उपसंहार**

क) मकरेलाई खुइय थकाई लाग्नु, सुस्केरा हाल्नु

ख) मकरेको मन व्यथैव्यथाले भरिनु,

ग) जिन्दगी कष्टकर रहेछ भनी मुटुमा काँडा बिझेजस्तो लाग्नु,

घ) आफूले गरेको सुन्दर सृष्टि, सन्तानरुपी फूल मगमगाएर फुलाएको बगैंचा आज बिरानो भयो भन्दै मकरे भावविह्वल हुनु,

ङ) यो सबै सृष्टिबाट अलग्गिन सकिँदैन भनी मकरेलाई ग्लानि हुनु,

च) मकरेलाई घर घरजस्तो नलाग्नु, सहर सहरजस्तो नलाग्नु,

छ) मकरेको बाटो गन्तव्यहीन लागेजस्तो हुनु,

ज) मन्दिरभित्र घण्टहरु निरर्थक र बेसुरमा बजेका छन् जस्तो लाग्नु,

झ) मकरेलाई आफ्नो जीवन अविश्वास र शंकाको घेरामा फनफनि बेरिएको छ जस्तो लाग्नु,

ञ) बुहारीहरुले छुतका रोगीहरुलाई जस्तै अलग्गाएका छन् भनी आफूलाई भान हुनु,

ट) संसार यस्तै रहेछ भनी मकरेले आफ्नो मन बुझाउन कोशिस गर्नु,

ठ) मेरो भाग्य यस्तै रहेछ भनी आफूले ६ महिनाको एकल जीवनमा भोगेको पीरव्यथा सहन गर्न कोशिस गर्नु,

ड) आफ्नो मन आफैँ बुझाउनका लागि भविष्यको चिन्ता नगर, चिन्ताले चितामा पुऱ्याउँछ भनी सोच्नु,

ढ) कसैको भविष्य सुदृढ बनाउने निश्चिन्तता छैन र कसैमाथि एक झिल्को विश्वास पनि छैन भनी मकरेले संसारमा आफ्नो कोही नभएको जस्तो महसुस गर्नु,

ण) मकरेको नाममा डढलो सल्किएको बिस्तारै आफैँ निभाउन कोशिस गर्नु,

त) छताछुल्ल पोखिएको मनलाई बुझाएर निदाउन कोशिस गर्नु,

## ४.३ 'चोरिएको निद्रा कथाको चरित्र विश्लेषण

### ४.३.१ परिचय

आख्यानमा पाइने व्यक्तिलाई पात्र भनिन्छ। पात्रहरू कतिपय नैतिक र अभिवृतीय गुणहरूले युक्त हुन्छन्। नैतिक र अभिवृत्तीय गुणले युक्त पात्रलाई नै चरित्र भनिन्छ (शर्मा, २०५९:११४)।

कथामा सहभागी हुने मानवीय वा मानवेतर (व्यक्ति तथा पशुपक्षी) प्राणी चरित्रहरू नै पात्र हुन् (आचार्य, २०६६:१५४)।

कथाभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६:२७) ।

कथाको कथानकको क्रिया व्यापार प्रत्यक्ष रूपमा चरित्र वा पात्रसँग गाँसिएको हुनाले कथानकलाई अगाडि डोहोऱ्याएर लैजाने कार्यका लागि मानव वा मानवेतर चरित्रको मुख्य भूमिका रहेको हुन्छ । पात्र वा चरित्रले कथावस्तुमा रहेका समाज, संस्कृति, स्वभाव र मानव सभ्यतालाई सिङ्गो तस्विरमा देखाउँदछ ।

### ४.३.२ पात्र वर्गीकरणको आधार

कथाका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरालाई तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ र उल्लिखित चरित्रका प्रकारहरू पनि महŒवपूर्ण केही आधारहरू हुन् भने निम्नलिखित आधारहरू पनि महŒjपूर्ण रहेका छन् । यस्ता आधारहरूमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, सामाजिक सम्बन्धका आधारमा, आसन्नता र आबद्धता पर्दछन् ।

#### ४.३.२.१ लिङ्ग

कथामा चरित्रलाई प्राकृतिक रूपले फरक छुट्याउने पहिलो आधार नै लिङ्ग हो । लिङ्गका आधारमा स्त्री र पुरुष गरी पात्रलाई दुई भागमा विभाजन गरिन्छ । यसभित्र नायक, नायिका, सहनायक, सहनायिका, खलनायक आदि तौर-तरिकाबाट पनि लिङ्ग छुट्याउन सकिन्छ ।

“पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियापदबाट लिङ्ग छुट्याउन सकिन्छ” ।

#### ४.३.२.२ कार्य

कथामा पात्रले खेल्ने भूमिकाका आधारमा पात्रलाई मुख्य, सहायक र गौण गरी तीन भागमा छुट्याइन्छ । मुख्य पात्र कथाको केन्द्रिय चरित्र हो, सहायक पात्र कथाको केन्द्रिय पात्रलाई सहयोग गर्ने हो भने गौण पात्र न्यून कार्य गर्ने, कथामा नभए पनि फरक नपर्ने पात्र हो ।

#### ४.३.२.३ प्रवृत्ति

यस कथामा पात्र अनूकुल र प्रतिकुल गरी दुई वर्गका हुन्छन् । कथाको कथावस्तुमा जुन पात्रले सकारात्मक भूमिका खेलेर पाठकको सहानुभूति आर्जन गर्छ त्यो अनुकुल चरित्र हुन आउँछ र जुन पात्रले नकारात्मक भूमिका खेलेर पाठकको चित्त दुखाउँछ त्यो प्रतिकुल चरित्र हुन्छ ।

### ४.३.२.४ स्वभाव

यस कथामा गतिशील र गतिहीन दुई स्वभावका पात्र हुन्छन् । कथाको कथानकमा वातावरणसँगै आफ्नो चरित्रलाई बदल्ने पात्र गतिशील पात्र हुन्छन् भने स्वभावमा परिवर्तन नहुने पात्र गतिहीन पात्र हुन्छन् ।

### ४.३.२.५ जीवन चेतना

कथामा सहभागी हुने पात्रले देखाएको सामाजिक सम्बन्धका आधारमा भनौ उसले खेलेको वैयक्तिक र प्रतिनिधिमूलक भूमिकाका आधारमा प्रकार छुट्याइएको हुन्छ । जुन पात्रले नितान्त आफ्ना निजी स्वभाव तथा वैयक्तिकताको प्रतिनिधित्व गर्दछ त्यो वैयक्तिक पात्र हो भने जसले आफू बाहेक सिङ्गो सामाजिक वर्गको भूमिका निर्वाह गरी वर्गीय चरित्र देखाउँछ त्यो नै वर्गीय पात्र हुन्छ ।

### ४.३.२.६ आसन्नता

यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । कथामा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नामोच्चारण गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

### ४.३.२.७ आबद्धता

कथाको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथाको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम, २०६६:३०) ।

## ४.३.३ चोरिएको निद्रा कमामा चरित्रको वर्गीकरण

**तालिका :'चोरिएको निद्रा कथाका पात्रहरूको शैलीवैज्ञानिक तालिका**

| क्र.सं. | पात्रहरू | लिङ्ग | | स्वभाव | | कार्य | | | प्रवृत्ति | | जीवन चेतना. | | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | स्त्री | स्थिर | गतिशील | प्र. | सहा. | गौ | अनु. | प्रतिकु. | उ. | म. | नि. | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| १. | मकरे | + | | + | | + | | | + | | + | | | + | | + | |
| २. | शान्ति | | + | + | . | + | | | + | | + | | | + | | + | |
| ३. | माइली बुहारी | | + | | + | | + | | | + | | + | | | + | + | |
| ४. | कान्छी बुहारी | | + | | + | | + | | | + | | + | | | + | + | |
| ५. | जेठो छोरो | + | | | + | | + | | | + | | + | | + | | | + |
| ६. | माइलो छोरो | + | | | + | | + | | | + | | + | | + | | + | |
| ७. | कान्छो छोरो | + | | | + | | + | | + | | | + | | + | | + | |
| ८. | पण्डित | + | | | + | | + | | + | | | + | | | + | + | |
| ९. | निरौला बुढा | + | | | + | | + | | | + | | | + | | + | | + |
| १०. | निरौलनी आमै | | + | | + | | + | | | + | | | + | | + | | + |
| ११. | बालसखा | + | | | + | | + | | + | | | + | | + | | + | |
| १२. | महिलाहरु | | + | | + | | | + | | + | | | + | | + | | + |
| १३. | नरे | + | | | + | | + | | | + | | + | | | + | | + |
| १४. | सुनैना | | + | | + | | + | | + | | + | | | | + | + | |

### ४.२.४ चरित्र/पात्र तालिकाको विश्लेषण

#### ४.२.४.१ पुरुष पात्र

लिङ्गका आधारमा यस 'चोरिएको निद्रा कथाका पुरुष पात्रहरू धेरै छन्, जस्तै : मकरे, जेठो छोरो, माइलो छोरो, कान्छो छोरो, पण्डित, निरौला बुढा, बालसखा, नरे यस कथाका पुरुष पात्रहरू हुन् ।

**क) मकरे**

'चोरिएको निद्रा' कथाको मुख्य भूमिका निर्वाह गर्ने पात्र वा यी पात्रहरूलाई झिकिदिँदा कथा नै नहुने पात्रहरू हुन् । यस 'चोरिएको निद्रा' कथाको मुख्य पुरुष पात्रको रूपमा मकरे पात्र रहेको छ । मकरे पात्रले कथाको प्रमुख भूमिका खेलेको पाइन्छ । मकरे पात्र यस कथामा नहुने हो भने कथाको कथानक अघि बढ्न सक्दैन । मकरे पात्रले यस कथाको केन्द्रीय भूमिका खेलेको हुनाले यस कथाको प्रमुख पुरुष मकरे पात्र हो ।

#### ४.२.४.२  सहायक प्रमुख पात्रहरू

यस 'चोरिएको निद्रा कथामा सहायक पुरुष पात्रहरू रहेको पाइन्छ । जसमा जेठो छोरो, माइलो छोरो, कान्छो छोरो, पण्डित, बालसखा, नरे आदि रहेका छन् ।

#### ४.२.४.३ अनुकूल पुरुष पात्रहरू

अनुकूल पात्रहरू ती हुन् जो कथाको कथानकलाई अगाडि बढाउँदा सकारात्मक भएका छन् । जसले गर्दा कथाबाट केही राम्रा कुराहरू सिकाउन खोजिएको छ । यस कथाको मकरे अनुकूल पात्र हो, जसको भूमिकाले समाजलाई सकारात्मक सन्देश दिन खोजेको छ ।

#### ४.२.४.४ प्रतिकूल प्रमुख पात्रहरू

जुन पात्र कथाको कथावस्तुलाई अगाडि बढाउँदा नकारात्मक भएका छन्, ती पात्रहरू प्रतिकूल पात्र हुन् । यस 'चोरिएको निद्रा' कथामा प्रतिकूल पात्रका रूपमा जेठो छोरो, माइलो छोरो र नरे आएका छन् । उसले मन बिथोलिएको मकरेको नानाथरी कुरा काटेर गाउँलेहरुलाई बिगारिरहेको कुरा उल्लेख गरेको छ ।

#### ४.२.४.५ स्थिर पुरुष पात्रहरू

'चोरिएको निद्रा कथाका स्थिर पात्रका रूपमा मकरे पात्र रहेको छ । उसले अरु मानिसहरुले जति कुरा काटे पनि आफ्नो मनलाई सम्हालेर अन्तिमसम्म पनि घरमा नै बसिरहेको पाइन्छ ।

### ४.२.४.६ गतिशील पुरुष पात्रहरू

यस 'चोरिएको निद्रा' कथाको गतिशील पुरुष पात्रका रूपमा जेठो छोरो, माइलो छोरो, कान्छो छोरो, पण्डित, नरे देखिएको छ। उनीहरुले शान्ति मरेको समयमा पनि मकरेलाई साथ दिनुको बदलामा एकछिन एकछिन आएर आफ्नो भूमिका निभाएका उनीहरु गतिशील पुरुष पात्र हुन्।

### ४.२.४.७ मञ्चीय पुरुष पात्रहरू

कथानकमा बाँधिएका र कार्यव्यापारमा समेत प्रत्यक्ष संलग्न रहेका पात्रहरूलाई मञ्चीय पात्र भनिन्छ। यस कथामा प्रयोग भएका मकरे, जेठो छोरो, माइलो छोरो, कान्छो छोरो, नरे मञ्चीय पात्रहरू हुन्। जसको भूमिका निर्वाह प्रत्यक्ष संलग्नताको आधारमा भएको छ।

### ४.२.४.८ नेपथ्य पुरुष पात्रहरू

'चोरिएको निद्रा कथाको नेपथ्य पात्रको रूपमा पण्डित, नरे र निरौला बुढा रहेका छन्। यी पात्रको कथामा प्रत्यक्ष भूमिका भएको छैन।

### ४.२.४.९ बद्ध पुरुष पात्रहरू

जुन पात्रहरूलाई झिकिदिँदा कथाको संरचना नै भताभुङ्ग हुन्छ। त्यस्ता पात्रहरूलाई बद्ध पात्र भनिन्छ। यस कथाका बद्ध पुरुष पात्र भनेका मकरे, माइलो छोरो, कान्छो छोरो, पण्डित, बालसखा हुन्। यस कथाबाट उनीलाई झिकिदिने हो भने कथानक नै टुङ्गिन्छ र कथालाई अगाडि बढाउन सकिँदैन।

### ४.२.४.१० स्त्री पात्रहरू

लिङ्गका आधारमा यस 'चोरिएको निद्रा' कथामा प्रमुख स्त्री पात्र शान्ति, माइली बुहारी, कान्छी बुहारी, निरौलनी आमै, महिलाहरु, सुनैना आदि हुन्।

यस 'चोरिएको निद्रा' कथाकी प्रमुख स्त्री पात्र शान्ति हुन्। यस कथाबाट शान्तिलाई झिकिदिँदा कथाको कथावस्तु अगाडि बढाउन सकिँदैन। शान्तिले यस कथामा केन्द्रीय भूमिका खेलेकी छन् र उनलाई यस कथाकी प्रमुख स्त्री पात्र मानिन्छ।

यस 'चोरिएको निद्रा' कथाको अनुकूल स्त्री पात्र शान्ति र सुनैना नै हुन्। उनले यस कथाको कथानकलाई अगाडि बढाउने क्रममा सकारात्मक भूमिका खेलेकी छिन्।

'चोरिएको निद्रा' कथाको स्थिर पात्र शान्ति हो। उनले यस कथामा समय, परिस्थिति अनुकूल परिवर्तन हुन सकेकी छैनन्। त्यसैले यस कथाकी स्थिर पात्र शान्ति हुन्।

चोरिएको निद्रा कथामा बद्ध स्त्री पात्रका रूपमा शान्ति, माइली बुहारी, कान्छी बुहारी आएकी छिन् । जसलाई यस कथाबाट झिकिदिँदा कथा अपूर्ण हुन्छ र कथानक नै भताभुङ्ग हुन्छ । यसैले उनीहरु यस कथाका बद्ध स्त्री पात्र हुन् ।

'चोरिएको निद्रा कथामा धेरै स्त्री पात्रहरू छैनन् । यस कथाको मञ्चीय स्त्री पात्र जोई हो । उनको प्रत्यक्ष संलग्नताका आधार कथावस्तु अगाडि बढाइएको छ ।

### ४.२.५ 'संवेग कथा सङ्ग्रहमा समाविष्ट 'चोरिएको निद्रा कथाको शैलीवैज्ञानिक विश्लेषण

#### ४.२.५.१ शब्दचयनका आधारमा 'चोरिएको निद्रा कथा

भाषाको न्यूनतम सार्थक एकाइ नै शब्द हो । विभिन्न ध्वनिहरू मिलेर ती ध्वनिहरूको सार्थक संयोजन नै शब्द हो । शब्द छनोटले कृतिलाई स्रष्टाले ओजपूर्ण, उपयुक्त भावाभिव्यक्तिलाई अर्थपूर्ण बनाउने गर्दछ । भाषिक अभिव्यक्तिका क्रममा शब्दचयन महŒवपूर्ण हुन्छ । कथाकारले एउटै अर्थ दिने समाजमा प्रचलित विभिन्न शब्दहरूमध्ये कुनै एउटालाई आफ्नो कृतिमा प्रयोग गर्दछन् । 'चोरिएको निद्रा कथामा पनि कथाकार रीता ताम्राकारले शब्दचयनका माध्यमबाट विभिन्न विषयलाई अर्थपूर्ण ढङ्गबाट अभिव्यक्ति प्रस्तुत गरेको पाइन्छ ।

#### ४.२.५.१.१ स्रोतका आधारमा शब्दचयन

**क. तत्सम शब्दको चयन**

संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूप नफेरिइकन जस्ताको तस्तै आएका शब्द नै तत्सम् शब्द हुन् । प्रस्तुत 'चोरिएको निद्रा' कथामा तत्सम शब्दहरू सान्दर्भिक तरिकाले प्रस्तुत गरेको पाइन्छ :

क) मकरेको व्यवहारले त आउन मनै थिएन, शान्ति भाउजूको आत्मशान्तिका लागि भए पनि मन मारेर आएँ (ताम्राकार, २०७४:३२)

ख) कसरी समाज पुरुषप्रधान मात्र भयो ? समाज त कहीँ कतै गएर नारीप्रधान पनि रहेकै छ नि ? एक मुस्लो विद्रोह झुत्ती खेल्न मनभित्र (ताम्राकार, २०७४:३४) ।

ग) यस संसारमा मान्छे भएर जन्मिएपछि मर्नै पर्ने शाश्वत सत्यलाई तैंले, मैले रोक्न, छेक्न सक्दैनौं । मन बाँध मकरे, मन बाँध । म लगभग दर्शनै छाँट्न पुग्छु (ताम्राकार, २०७४:३६) ।

घ) खै कुन पीडामा छटपटाइरहेछ त्यो । म त्यसको अनुहार वारपार छेडिने गहिरो दृष्टि लाउँछु (ताम्राकार, २०७४:३७) ।

ङ) विगतलाई सम्झेर वर्तमान शून्यमा जिउनु । भविष्य महाशून्यमा परिमार्जित देख्नु आज मकरेको नियति बनेको छ (ताम्राकार, २०७४:३९) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू 'चोरिएको निद्रा कथामा प्रयुक्त तत्सम शब्दका केही उदाहरणहरू हुन् । यस्ता शब्दहरू कथामा सार्थक रूपमा प्रयोग भएका छन् । कथाकारद्वारा यस कथामा प्रशस्त मात्रामा तत्सम शब्दको स्वतन्त्र चयन गरी प्रयोग गरिएको छ । यस्ता विभिन्न विकल्पहरूमध्येबाट गरिएको तत्सम शब्दको चयनले कथाको भावाभिव्यक्तिलाई अर्थपूर्ण तथा तिख्खर बनाउनुका साथै कथालाई प्रभावकारी र विशिष्ट बनाएको छ ।

**ख. तद्भव शब्द चयन**

संस्कृतबाट रूप फेरिएर नेपाली भाषामा प्रयुक्त शब्दलाई तद्भव शब्द भनिन्छ। 'चोरिएको निद्रा' कथामा प्रयोग गरिएका तद्भव शब्दलाई निम्न उदाहरणले प्रष्ट पार्दछ:

क) आज मकरेकी स्वास्नीको छ महिनाको काम । मकरेकी स्वास्नी अर्थात् शान्ति भाउजू (ताम्राकार, २०७४:३२) ।

ख) यी बूढा त मेरी बूढी रोगी भई । मेरो त केही कामकी भइन भन्दै छिल्लिन्थे रे नि त । (ताम्राकार, २०७४:३३) ।

ग) मेरो मनमा डढेलो सल्काएर मकरे घर गयो । सायद मसँग छताछुल्ल पोखिन पाएर त्यो धेरै दिनपछि मस्त निदायो होला (ताम्राकार, २०७४:३९) ।

घ) आमा मरेर छोराहरु कोरामा बसेका छन् । बूढा भने कमिज सुरुवाल र इष्टकोट, घडी ढल्काएर बसेका थिए (ताम्राकार, २०७४:३३) ।

ङ) मकरेको कुरा सही छ । त्यसको भाग्यभन्दा मेरो भाग्य दह्रै रहेको छ (ताम्राकार, २०७४:३९) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू 'चोरिएको निद्रा कथामा प्रयुक्त भएका तद्भव शब्दहरू हुन् ।

**ग. आगन्तुक शब्द चयन**

विभिन्न भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । 'चोरिएको निद्रा कथामा आगन्तुक शब्दहरूको प्रयोग सार्थक रूपमा गरिएको छ :

क) अचेल त एकदमै सुविधा सम्पन्न मेडिकल केयरिङ पनि दिने ओल्ड एज होमहरु खुलेका छन् नि ! (ताम्राकार, २०७४:३८) ।

ख) बुबा समझदार हुनुहुन्छ, बुहारीहरुसँग के कस्तो र कसरी व्यवहार गर्नुपर्छ बुबालाई थाहा छ । माइला छोराको कुराले समयलाई पछाडि ठेले पनि बन्द गर्न सकेन (ताम्राकार, २०७४:३८) ।

ग) "यसो सुखदुःख भलाकुसारी गरौं भनेर आएको" छोटो कुरा खन्यायो (ताम्राकार, २०७४:३४) ।

घ) मकरे मेरो बालापनको मित्र, त्यसका बारेमा सुन्न पुगेको कुरा चिराइतो जस्तो तीतो लाग्यो मलाई (ताम्राकार, २०७४:३३) ।

ङ) छोराहरु पण्डितसँग कर्म गर्दै छन् । छोरीबुहारी पितृप्रसाद तयार पार्दै छन् । आगन्तुक परपाहुना झुण्ड झुण्ड भएर बात मार्दै छन् (ताम्राकार, २०७४:३२) ।

च) हामी कामदाम छोडेर बुबा सिहार्न घरमा नै बस्नु त ? कि के गर्नु त । कान्छो बल्ल झर्कियो (ताम्राकार, २०७४:३८) ।

छ) मकरेलाई त्यसपछिका दिन घर घरजस्तो लाग्दैन । सहर सहर जस्तो लाग्दैन । बाटो पनि गन्तव्यहीन लाग्छ । मन्दिरभित्रका आस्था र विश्वासका घण्टहरुले पनि निरर्थक बेसुर ध्वनि फालेजस्तो लाग्छ (ताम्राकार, २०७४:३९) ।

ज) बूढा भने कमिज सुरुवाल इस्टकोट, घडी टल्काएर गजक्क परेर बसेका छन् (ताम्राकार, २०७४:३३) ।

**घ. झर्रा तथा अनुकरणात्मक शब्द चयन**

कुनै अन्य स्रोतबाट नआई नेपाली भाषामा आफैं उत्पन्न भएका तथा नेपाली परिवेशसँग मेल खाने शब्दहरू नै झर्रा नेपाली शब्द हुन् । कुनै पनि कुराको ध्वनि, आवाज, घटना, प्राकृतिक रूपबाट उत्पन्न भई उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा जस्ताको तस्तै प्रयोग गर्न सकिने शब्द अनुकरणात्मक शब्द हुन् । यस्ता शब्दहरूले भाषालाई निख्खर, झरिलो, मीठो र गुलियो पार्ने काम गर्दछन् । 'चोरिएको निद्रा कथामा अनुकरणात्मक र झर्रा शब्दहरूको प्रशस्त प्रयोग गरिएको छ जसलाई निम्नानुसार देखाइएको छ :

क) "चिया पिउँछस् ?" फुत्त ओठको डिल नाघेर उफ्रियो शब्द । कुनै भावविनाको भावशून्य नजर ममा अड्याएर के के सोच्दै होला कुन्नि ? (ताम्राकार, २०७४:३५) ।

ख) के भनेका तिमीहरुले ? बुबाका हातखुट्टा बसेका छन् र सिहार्न गाह्रो हुने । यसो तातो चिसो सोध्यो पकायो ख्वायो (ताम्राकार, २०७४:३८) ।

ग) मेरो मनमा डढेलो सल्काएर गयो मकरे घर । सायद मसँग छताछुल्ल पोखिन पाएर ऊ धेरै दिनपछि मस्त निदायो होला (ताम्राकार, २०७४:३९) ।

घ) यी बूढा त मेरी बूढी रोगी भई, मेरो त केही कामकी भइन भन्दै छिल्लिन्थे रे नि त । बूढी चाहिँ लोग्ने भनेपछि देउतै मान्ने । बूढो भने पातकी (ताम्राकार, २०७४:३३) ।

ङ) जब उसलाई बिस्तारै बिस्तारै आगाको लप्काले निल्दै थियो र म लाचार, विवश, निरीह टुलुटुलु हेर्न बाध्य थिएँ । अथाह पीडाको घडीमा केही क्षण मैले आफैंलाई भुल्न पुगेँ (ताम्राकार, २०७४:३६) ।

च) स्वास्नीका वियोगमा विरक्तिएको मनलाई कसरी सान्त्वना दिने हामीले ? न सँगै बसेर गुनगुन गर्न मिल्यो । न त रातबिरात ऐया आत्था हुँदा कोठामा गएर सुसार गर्न मिल्यो ( ताम्राकार, २०७४:३८) ।

छ) कमका छन् र यी बूढा । आमा मरेर छोराहरु कोरामा बसेका छन् । बूढा भने कमिज सुरुवाल इस्टकोट, घडी टल्काएर गजक्क परेर बसेका छन् (ताम्राकार, २०७४:३३) ।

ज) मनको कुना त चसक्क दुख्यो । ऐयालाई ओठमा ल्याइन । बरु छड्के हाँसो ओठको कुनामा सजाएँ । मेरो विद्रुप हाँसोले व्यथित छटपटायो त्यो (ताम्राकार, २०७४:३५) ।

### ४.२.५.१.२ बनोटका आधारमा शब्दचयन

#### क. द्वित्व शब्द चयन

शब्दको पुनरावृत्त हुने प्रक्रियालाई द्वित्व शब्द भनिन्छ। 'चोरिएको निद्रा कथामा निम्नअनुसार द्वित्व शब्दहरू प्रयोग भएका छन् :

क) आगन्तुक परपाहुना झुण्ड झुण्ड भएर गफ गर्दै छन् । म यसो आङमा घाम पर्ने ठाउँमा बसेकी छु । मकरे विनाप्रयोजन कहिले यता कहिले उता गर्दै छ (ताम्राकार, २०७४:३२) ।

ख) कसलाई थाहा छैन उनीहरुको सम्बन्ध । निरौलाको जड्याहा बानी सुधार्न नसकेर पटकपटक घरबाट निकाल्थिन् लोग्नलाई (ताम्राकार, २०७४:३३) ।

ग) मकरेको नमीठो स्वरले झस्कन्छु । म त कताकता पो भौँतारिएछु । अनेक सोचहरुमा रुपान्तरित भएर (ताम्राकार, २०७४:३४) ।

घ) म त्यसको अभिव्यक्तिमा त्यसलाई अँगाल्न पुग्छु र निः शब्द त्यसको काँध थपथपाउँछु । अनि आफ्नो दृष्टि शून्य भित्तामा ओछ्याउँछु (ताम्राकार, २०७४:३५) ।

ङ) सुनैना, नाम जस्तै सुन्दर नयनकी धनी । मेरी प्रियसी । मेरी प्रियतमा जसले मेरो जीवन र गृहस्थी झकिझकाउ पारेकी थिई (ताम्राकार, २०७४:३५) ।

च) सोच त उडेर कहाँकहाँ पुगेछ (ताम्राकार, २०७४:३६) ।

माथिका रेखाङ्कित शब्दहरू द्वित्व हुन् । यस्ता शब्दले कथालाई जीवन्तता प्रदान गरेको छ ।

### ४.२.५.१.३ शब्दवर्गका आधारमा शब्दचयन

**क. नाम शब्दको चयन**

नेपाली परम्परागत व्याकरणअनुसार नाम भन्नाले व्यक्ति, वस्तु र स्थानलाई बुझाउने शब्दको रूपमा यसलाई परिभाषित गरिन्छ। कुनै पनि व्यक्ति, वस्तु, स्थान, गुण, भाव आदिको परिचय गराउने शब्दलाई नाम भनिन्छ। आधुनिक व्याकरण अनुसार नाम भन्नाले कर्ता, कर्म र पूरक भई आउने शब्दलाई नामको रूपमा लिइन्छ। व्याकरणिक कार्यका आधारमा नामलाई निम्नानुसार विभाजन गर्न सकिन्छः सङ्ख्येय र असङ्ख्येय नाम, मानवीय र मानवेत्तर नाम, सजीव र निर्जीव नाम व्यक्तिगत र जातिवाचक नाम गरी जम्मा चार भागमा वर्गीकरण गरेको पाइन्छ। 'चोरिएको निद्रा' कथामा प्रयुक्त नाम शब्दहरू निम्नानुसार छन् :

क) "नरे ,हिँड् प्रसाद लिन (ताम्राकार, २०७४:३४) ।"

ख) मकरेको नमीठो स्वरले झस्कन्छु । म त कताकता पो भौंतारिएछु । अनेक सोचहरुमा रुपान्तरित भएर (ताम्राकार, २०७४:३४) ।

ग) सुनैना, नाम जस्तै सुन्दर नयनकी धनी । मेरी प्रेयसी । मेरी प्रियतमा (ताम्राकार, २०७४:३५) ।

घ) मकरेको व्यवहारले आउने मनै थिएन । शान्ति भाउजूको आत्मशान्तिका लागि भए पनि मन मारेर आएँ (ताम्राकार, २०७४:३२) ।

माथि रेखाङ्कित गरिएका शब्दहरू नाम हुन् । कथामा यस्ता नामको प्रयोगले कथालाई सरल बनाई पाठकले बुझ्न सक्ने बनाएको छ ।

**ख. सर्वनामको चयन**

परम्परागत व्याकरणअनुसार सर्वनाम भन्नाले नामको सट्टामा प्रयोग हुने शब्दलाई जनाउँछ। आधुनिक व्याकरणले नाम, उपवाक्य र वाक्यको सट्टामा सर्वनामको प्रयोग गरिने कुरालाई परिभाषित गर्दछ। सर्वनामको प्रयोग औचित्य नै एउटै अभिव्यक्तिलाई पटक-पटक

आवृत्ति एवम् पुन प्रयोग हुन नदिनु हो जसको माध्यमबाट रचनामा आकर्षण पैदा गरिन्छ । 'चोरिएको निद्रा' कथामा प्रयोग भएका सर्वनामहरू निम्नानुसार छन् :

क) लौ न मेरो कानले त नसुन्दा हुने कुरा पो सुन्न पुगें त । यसो आँखा तन्काउँछु । सबै शान्ति भाउजूका समकक्षी भद्र महिलावृन्द (ताम्राकार, २०७४:३३) ।

ख) उसको विलौनामा वास्तविकता लेस मात्र छ भन्ने यथार्थ बोध हुँदाहुँदै पनि सहानुभूति खन्याइरहें । लोग्ने मरेर उसको अनुहार पोतिएको सन्तोषको भावलाई देखेर पनि नदेखेझैं पखाएँ (ताम्राकार, २०७४:३४) ।

ग) यस संसारमा मान्छे भएर जन्मिएपछि मर्नैपर्ने शाश्वत सत्यलाई तैंले मैले रोक्न छेक्न सक्दैन (ताम्राकार, २०७४:३६) ।

घ) के तिमीले बुबालाई त्यहाँ लगेर राख्ने भनेकी ? वाइयात कुरा नगर (ताम्राकार, २०७४:३८) ।

ङ) त्यस्तो सजिलो कहाँ हुन्छ र ? स्वास्नीको वियोगमा विरक्तिएको मनलाई कसरी सान्त्वना दिने हामीले । न सँगै बसेर गुनगुन मिल्यो न त रात विरात ऐया आत्था हुँदा कोठामा गएर सुसार गर्न मिल्यो (ताम्राकार, २०७४:३८) ।

च) उसको आरोप थियो, बुढेसकालमा पनि झिल्के स्वभाव भएकी उसकी स्वास्नी नाटो खेलाउन उसलाई निकाल्थी बहानामाथि बहाना बनाउँदै घरबाट (ताम्राकार, २०७४:३३) ।

यसरी सर्वनाम शब्दले नामको पुनरावृत्तिलाई हटाएर यस कथाको भाषालाई चिटिक्क बनाएको छ ।

**ग. विशेषणको चयन**

नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या, मात्रा आदि जनाउने पद नै विशेषण हुन् । विशेषणले वाक्यलाई झरझराउँदो बनाउँछ । 'चोरिएको निद्रा' कथामा प्रयुक्त विशेषण शब्द निम्नानुसार छन्:

क) कति छिटोको दिन ? हिजो जस्तै मात्रै लाग्छ मकरेका पछिपछि एक झुप्पा गुराँस फुलेजस्तै मुग्ध पार्ने रातो पहिरनमा ठाँटिएर हिँडेकी भाउजू (ताम्राकार, २०७४:३२) ।

ख) "अहिले अनुहार अँध्यारो नभएको कुरा गर्नुहुन्छ । अस्ति मरेकै बेला एक थोपा आँसु नझोरेको बूढाले" (ताम्राकार, २०७४:३२) ।

ग) के यिनीहरुले भनेजस्तै जीवनसाथीसँग सदाका निम्ति विछोडिनु परेकामा दु:खी छैन त मकरे ! भाउजू मर्नासाथ अर्की ल्याउँछु भन्ने सोचेको होला त त्यसले (ताम्राकार, २०७४:३३) ।

घ) अनाथ पीडाको घडीमा केही क्षण मैले आफैँलाई भुल्न पुगेँ जसको वियोगमा म त्यसरी विचलित बनेको छु । उसैलाई गुमाएर तीन कलिला फूलहरु मेरै साथ र न्यानोपन खोज्दैछन् (ताम्राकार, २०७४:३६) ।

च) छ महिना , मात्र छ महिना त भयो नि शान्ति भाउजूले संसार छोडेको । घाउ आलै छ, त्यसैले होला । मनको कुना आफैँलाई थुमथुमाउँछ (ताम्राकार, २०७४:३६) ।

**घ. क्रियापदको चयन**

क्रिया भनेको कुनै कार्य वा प्रक्रिया हुनु हो । कुनै पनि कार्यव्यापारको घटना प्रक्रिया वा अवस्था बुझाउने पदलाई क्रियापद भनिन्छ अर्थात् कुनै काम हुने वा भएको बारेमा बुझाउने पद क्रियापद हुन् । 'चोरिएको निद्रा' कथामा क्रियापदको प्रयोग यसरी गरिएको छ :

क) काममा सबै नभए पनि अधिकांश सन्तान भेला भएका छन् । त्यसमा थप छरछिमेक, इष्टमित्र र आफन्तहरुसँगै म पनि थपिन आएकी छु (ताम्राकार, २०७४:३२) ।

ख) स्वास्नी मर्दा लोग्नेले लुगा लगाउनु हुन्न भन्ने त कुनै कानुनमा लेखेकै छैन । अनि किन त्यसलाई पातकीसम्म पुऱ्याएका हुँ (ताम्राकार, २०७४:३३) ।

ग) अस्तिका दिन मात्र त हो नि । पल्लो टोलका निरौला बूढा मरेर मलामी गएर आएको । बूढा मरेका ठाउँमा निरौलिनीको बिलौनाले पार्नुसम्म अचम्म पारेको थियो मलाई । कसलाई थाहा छैन उनीहरुको सम्बन्ध (ताम्राकार, २०७४:३३) ।

घ) किन किन बोल्ने जाँगर पटक्कै चल्दैन मलाई । मौनतामै बस भन्ने सङ्केत गर्छु र नि:शब्द आँखाबाटै प्रश्न तेर्स्याउँछु (ताम्राकार, २०७४:३४) ।

ङ) मकरेको कुरा सही छ । त्यसको भाग्यभन्दा मेरो भोग्य दह्रै रहेको छ आजसम्म (ताम्राकार, २०७४:३९) ।

**ङ. क्रियाविशेषणको चयन**

क्रियासँग सम्बन्ध राख्ने वा क्रियाको विशेषता वा परिवेश जनाउने पदलाई क्रिया विशेषण भनिन्छ । प्रस्तुत 'चोरिएको निद्रा' कथामा प्रयोग गरिएका क्रियाविशेषणहरू यसप्रकार छन् :

क) बूढा भने कमिज, सुरुवाल, इष्टकोट र घडी ढल्काएर गजक्क परेर बसेका छन् (ताम्राकार, २०७४:३३) ।

ख) त्यसलाई मन बाँध् भने जस्तै मैले पनि सजिलै बाँध्न कहाँ सके र ? मेरो जीवनको हरेक श्वासप्रश्वासहरुमा उसको कमी, ओहोरदोहोर गर्थ्यो (ताम्राकार, २०७४:३६) ।

ग) खै कुन पीडामा बेसरी छटपटाइरहेछ त्यो । म त्यसको अनुहार बारबार छेडिने गरी गहिरो दृष्टि राम्ररी लाउँछु (ताम्राकार, २०७४:३७) ।

घ) स्वास्नी मरेका बूढाहरु त कस्ता छाडा पो हुन्छन् रे त । माइली बुहारीको आवाजले मेरो मुटु झसक्क झस्कन्छ (ताम्राकार, २०७४:३७) ।

ङ) तीन मनको चोट दबाएर छोराछोरीको देखदेखमा खर्चे पनि रात कति विकराल भयो मलाई । खाटको एकछेउमा ढलक्क ढल्किएर अर्को छेउको खाली ओछ्यानमा उसको उपस्थिति देख्नु (ताम्राकार, २०७४:३६) ।

माथि रेखाङ्कित शब्दहरू क्रियाविशेषण शब्दहरू हुन् । यी शब्दले क्रियाको विशेषता जनाएर वाक्यलाई रोचकपूर्ण बनाउँछ ।

**च. नामयोगी चयन**

नाम वा नामझैं प्रयोग हुने वा सर्वनाम आदिको पछिल्तिर जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । विभिन्न अर्थ सम्बन्धहरू जनाउनका लागि नामसँग जोडिएर आउने शब्द नै नामयोगी हुन् । 'चोरिएको निद्रा' कथामा प्रयुक्त नामयोगीका केही उदाहरणहरू निम्नानुसार छन् :

क) निकैबेरसम्म शब्दहरु मन निचोर्दै ओठको दैलोसम्म आएर फर्केको आवास भयो (ताम्राकार, २०७४:३६) ।

ख) त्यसमा थप छरछिमेक, इष्टमित्र र आफन्तहरुसँगै म पनि थपिन आएकी छु (ताम्राकार, २०७४:३२) ।

ग) अनि किन त्यसलाई पातकीसम्म पुऱ्याएका हैं । मकरे मेरो बालापनको  मित्र । (ताम्राकार, २०७४:३३) ।

घ) बुबा समझदार हुनुहुन्छ, बुहारीसँग के कस्तो र कति व्यवहार गर्नुपर्छ उहाँलाई थाहा छ (ताम्राकार, २०७४:३८) ।

ङ) यसको भाग्यभन्दा मेरो भाग्य दह्रै रहेछ आजसम्म । त्यसले छ महिनाको एकल जीवनमा भोगेको मैले सोह्र वर्षमा पनि भोग्नु परेको छैन (ताम्राकार, २०७४:३९) ।

माथि रेखाङ्कित शब्दहरू नामयोगी हुन् । यो वाक्यमा आएका नामका साथमा रहेर वाक्यको अर्थलाई पूरा गर्ने काम गर्छ ।

**छ. संयोजकको चयन**

दुई वा दुईभन्दा बढी वाक्य, उपवाक्य तथा पदहरूलाई जोड्ने शब्दलाई संयोजक भनिन्छ। यसले शब्द वा उपवाक्यलाई जोड्ने काम गर्दछ। यसलाई योजक पनि भनिन्छ। प्रकार्यका दृष्टिले वाक्यलाई पदावली, उपवाक्य, वाक्य आदिलाई जोड्ने बन्द समूहको अविकारी शब्द वर्ग हो । 'चोरिएको निद्रा' कथामा प्रयुक्त केही संयोजक निम्नअनुसार छन् :

क) बाटो पनि गन्तव्यहीन लाग्छ, मन्दिरभित्रका आस्था र विश्वासका घण्टहरुले पनि निरर्थक वेसुरा ध्वनि फालेजस्तो लाग्छ (ताम्राकार, २०७४:३९) ।

ख) म छक्क पर्छु, किन एकपक्षीय समाज ? लोग्ने मरेकी एकल महिला सहानुभूति, सान्त्वना र दयाकी पात्र अनि स्वास्नी मरेर एक्लो भएको एकल पुरुष उपेक्षा, घृणा र आलोचनाको पात्र ? (ताम्राकार, २०७४:३४) ।

ग) उसको आरोप थियो, बुढेसकाल पनि भिल्के स्वभाव भएकी उसकी स्वास्नी नाठो खेलाउन उसलाई निकाल्थी वहानामाथि वहाना बनाउँदै घरबाट (ताम्राकार, २०७४:३३) ।

घ) कोशीबाट उठेर वरण्डाको पश्चिम छेउमा जान्छ र अस्ताउन लागेको सूर्यले बनाएको गोधुली रक्तिम लाली निहार्न पुग्छ (ताम्राकार, २०७४:३७) ।

ङ) थाहा छ मलाई एकदमै फितला छन् मेरा आस्वासनका शब्दहरु कुनै दम छैन अनि कसैको भविष्य सुदृढ बनाउने निश्चिन्तता छैन र छैन एकभिल्को विश्वासको उज्यालोपन (ताम्राकार, २०७४:३९) ।

माथिका रेखाङ्कित शब्दहरु संयोजक हुन् । संयोजकले शब्द र वाक्यलाई जोड्ने काम गर्दछ ।

**ज. निपातको चयन**

भाषामा सौन्दर्य, चमक र मधुरता दिन र नजिकको शब्द वा वाक्यको अर्थलाई प्रभाव पार्ने अविकारी शब्द नै निपात हो । निपातले आग्रह, अवधारणा, सहमति, प्रश्न, आशङ्का, अनिश्चय र अनुनय गर्न कुनै शब्दमा आश्रित भई त्यही शब्दको अर्थलाई घोतन गर्दछन् । 'चोरिएको निद्रा' कथामा प्रयोग भएका निपातहरू निम्नअनुसार छन् :

क) "अचेल त एकदमै सुविधा सम्पन्न मेडिकल, केयरिङ पनि दिने ओल्ड एक होमहरु खुलेका छन् नि ।" (ताम्राकार, २०७४:३८) ।

ख) "यही त सासू भएर पो सजिलो । एक्लो ससुरालाई त...." कान्छीले कुरा अधुरै छोडी (ताम्राकार, २०७४:३७) ।

ग) "अझै हलुङ्गो भएन तेरो ? के भएको छ तँलाई ? लौ भन् त ?" म त्यसर्लाई च्याप्प पार्छु (ताम्राकार, २०७४:३७) ।

घ) उफ् ! मलाई त आज औडाहा नै पो हुन खोज्दै छ । मकरेको घरमा भएर आएरदेखि त्यसै मन मस्तिष्क आन्दोलित छ (ताम्राकार, २०७४:३४) ,

ङ) अस्तिको दिन त हो नि पल्लो टोलमा निरौला बूढा मरेर मलामी गएर आएको । बूढा मरेको ठाउँमा निरौलिनीको विलौनाले पार्नसम्म अचम्म पारेको थियो मलाई (ताम्राकार, २०७४:३३) ।

माथिका रेखाङ्कित वाक्यहरु निपात हुन् । निपातले वाक्यको अर्थलाई मिठास दिने काम गर्नुका साथै वाक्यमा मिठासता ल्याउँछ ।

### झ. विस्मयादिबोधक चिह्नको प्रयोग

हर्ष, विस्मात, घृणा, आश्चर्य, दुःख, निराशा आदि प्रकट गर्दा प्रयोग गरिने चिह्न नै विस्मय चिह्न हुन् । 'चोरिएको निद्रा' कथामा प्रयोग गरिएका यस्ता चिह्नहरूको उदाहरण निम्नअनुसार प्रस्तुत गरिएको छ :

क) हेर न ¤_ बूढी मरेर बूढाको अनुहार एकरति अँध्यादिएको छैन । कस्ता निर्दयी रहेछन् ( ताम्राकार, २०७४:३२) ।

ख) हे भगवान् ¤ अर्धाङ्गिनीको साथ छुट्नासाथ संसारमा एक्लिएको नै हुँ त म ? (ताम्राकार, २०७४:३७) ।

ग) त्यही त_ सासू भए पो सजिलो ¤ एक्लो ससुरालाई त .....(ताम्राकार, २०७४:३७) ।

घ) सुनैना¤  नामजस्तै सुन्दर नयनकी धनी ¤ मेरी प्रेयसी ¤ मेरी प्रियतमा ¤ जसले मेरो जीवन र गृहस्थी झकिझकाउ नै_पारेकी थिई (ताम्राकार, २०७४:३५) ।

ङ) "होइन काका कहाँ त्यसरी हुन्छ  ¤ मुख जुठोसम्म त लाउनैपर्छ नि_" कान्छी बुहारीको आग्रहलाई र सम्मानलाई लत्याउन सकिनँ ।

च) "थाहा छ नरे¤ तँ मनमनै लाज पचेको नकचरो भन्दै छस् है मलाई नि, " अप्रत्याशित आक्रमणले म झस्किएँ (ताम्राकार, २०७४:३५) ।

माथिका उदाहरणमा आएका विस्मय चिह्नहरूले 'चोरिएको निद्रा कथाको भाषालाई रोचक बनाएका छन् ।

### ४.२.५.१.४ लेख्य चिह्नहरूको प्रयोग

**क. विराम चिन्हको चयन**

'संवेग' कथासङ्ग्रहमा समाविष्ट कथा 'चोरिएको निद्रा' कथा यहाँ उल्लेख गरे बाहेक अल्पविराम (,), (" "), पूर्णविराम ( । ) चिह्नको प्रयोग अत्याधिक बढी भएको पाइन्छ ।

क) "आफूले भोगेपछि मात्र अरुको पीडा महसुस गर्न सकिँदो रहेछ नरे ¤ विगत छ महिनादेखि मात्र तेरो सोह्र वर्ष पुरानो पीडा महसुस भयो मलाई ।" साह्रै बिचरो बन्यो त्यो (ताम्राकार, २०७४:३५) ।

यो माथिको उदाहरण दोहोरो उद्धरण चिन्हको हो जसको काम अर्को वक्ताले बोलेको कुरालाई जस्ताको तस्तै प्रयोग गर्न मद्दत गरिरहेको हुन्छ ।

क) मकरेलाई त्यसपछिका दिनमा घर घरजस्तो लाग्दैन । सहर सहरजस्तो लाग्दैन । बाटो पनि गन्तव्यहीन लाग्छ (ताम्राकार, २०७४:३९) ।

माथिको उदाहरण पूर्णविराम चिह्नको हो । यसले वाक्यलाई टुङ्गिएको जनाउँछ ।

क) जसको वियोगमा म त्यसरी विचलित बनेको छु , उसैलाई गुमाएर ती कलिला फूलहरु मेरै साथ र न्यानोपन खोज्दैछन् (ताम्राकार, २०७४:३६) ।

ख) म छक्क पर्छु , किन एकपक्षीय समाज ? लोग्ने मरेकी एकल महिला सहानुभूति , सान्त्वना र दयाकी पात्र । अनि स्वास्नी मरेर एक्लो भएको एकल पुरुष उपेक्षा , घृणा र आलोचनाको पात्र ? (ताम्राकार, २०७४:३४) ।

यी माथिका वाक्यहरु अल्पविरामका हुन् । अल्पविरामले वाक्यलाई मिलाएर राख्ने काम गरेको हुन्छ ।

**ख. वाक्य चयन**

वाक्य भाषिक संरचनाको सबैभन्दा ठूलो सार्थक एकाइ हो । भाषाका कथ्य र लेख्य पक्ष छन् । लेख्य सन्दर्भमा भने वाक्यभन्दा माथि प्रकरण र सङ्कथन पनि आउँछ तर मूलत: कथ्य रूपलाई भाषाको मूल रूपमा लिइने हुनाले अभिव्यक्तिका क्षेत्रमा भाषाको आधारभूत एकाइका रूपमा वाक्यलाई लिइन्छ । व्याकरणिक संरचनामा वाक्य लघुतम भाषिक एकाइ हो । वाक्यको संरचनापूर्ण हुने हुँदा यो स्वतन्त्र एकाई हो । वाक्यलाई सरल, संयुक्त, मिश्र वाक्य, लामा छोटा

वाक्यहरू आदिमा विभाजन गरिएको पाइन्छ । 'चोरिएको निद्रा' कथाका विभिन्न प्रकारका वाक्यहरू प्रयोग गरिएको पाइन्छ । जसलाई तलको उदाहरणले स्पष्ट पार्दछ :

क) मेरो मनमा डढेलो सल्काएर मकरे घर गयो (ताम्राकार, २०७४: ३४) ।

ख) खै मेरो कुराले त्यसको अनुहारमा छाएको विषाद र विरक्तिपनको वेदना कति पनि ओर्लेको जस्तो लाग्ने (ताम्राकार, २०७४:३६)

यी माथिका रेखाङ्कित वाक्यहरु सरल वाक्य हुन् । एउटै मात्र समापिका क्रिया भएको वाक्यलाई सरल वाक्य भनिन्छ ।

क) त्यसलाई मन बाँध् भने जस्तै मैले पनि सजिलै बाँध्न कहाँ सकें र ! मेरो जीवनको हरेक श्वासप्रश्वासमा उसको कमी ओहोरदोहोर गर्थ्यो (ताम्राकार २०७४:३६)।

ख) यहाँ हामी दुई जना मात्र हुन्छौं, को सँग भलाकुसारी गर्नु बुबाले । त्यहाँ त आफ्नै उमेरका दौंतरीहरुसँग समय बिताउन पनि सजिलो हुन्छ (ताम्राकार,२०७४:३८) ।

यी माथिका रेखाङ्कित वाक्यहरु मिश्र वाक्य हुन् । दुई वा दुईभन्दा बढी समापिका क्रिया भएको र जब तब जस्ता संयोजक लागेर बन्ने वाक्यलाई मिश्रवाक्य भनिन्छ ।

क) म त्यसको अभिव्यक्तिमा त्यसलाई अँगाल्न पुग्छु र निःशब्द त्यसको काँध थपथपाउँछु (तम्राकार, २०७४:३५) ।

ख) उनको वियोगले मेरो जीवन र गृहस्थी सम्हालि नसक्नुको भताभुङ्ग भयो (ताम्राकार, २०७४:३६) ।

यी माथिका रेखाङ्कित वाक्यहरु संयुक्त वाक्य हुन् । संयुक्त वाक्यमा एक वा एकभन्दा बढी समापिका भएर र, अथवा, तथापि, तैपनि जस्ता संयोजक मिलेर बन्दछ ।

क) मेरो दृष्टि जति गहिरिन्छ (ताम्राकार, २०७४:३७) ।

ख) त्यति असहज बन्छ त्यो (ताम्राकार, २०७४:३७) ।

ग) मेरी प्रेयसी (ताम्राकार, २०७४:३५) ।

घ) कान्छो चुप छ (ताम्राकार, २०७४:३८) ।

ङ) निकैबेर चकमन्न (ताम्राकार, २०७४:३८) ।

माथि रेखाङ्कन गरिएका वाक्यहरु छोटो वाक्य हुन् । छोटो वाक्य एउटै मात्र क्रिया हुन्छ ।

क) स्वास्नी मर्दा लोग्नेले लुगै लाउनुहुन्न भन्ने त कुनै कानुनमा लेखेको छैन अनि किन त्यसलाई पातकीसम्म पु¥याएका हुन् हँ (ताम्राकार, २०७४:३३) ।

ख) संसार यस्तै हो भनेर मन बाध्न खोज्दा पनि डोरी चिप्लिन्छ घरिघरि बाध्न नमिल्ने गरी । विगतलाई सम्झेर वर्तमानलाई शून्यमा जिउनु अनि भविष्य शून्यमा परिमार्जित देख्नु आज मकरेको नियति बनेको छ (ताम्राकार, २०७४:३९)

ग) कसलाई थाहा छैन उनीहरुको सम्बन्ध ? निरौलाको जँड्याहा बानी सुधार्न नसकेर पटकपटक घरबाट निकाल्थिन लोग्नेलाई । स्वास्नीको य स कामलाई निरौला बेग्लै अर्थमा अर्थ्याउँथ्यो (ताम्राकार, २०७४:३३) ।

माथिका वाक्यहरु लामा वाक्य हुन् । लामा वाक्यमा धेरैवटा क्रियापदको प्रयोग गरिएको हुन्छ ।

उपर्युक्त कथा 'चोरिएको निद्रा' कथामा सरल, संयुक्त, मिश्र र अन्य लामाछोटा सबै किसिमका वाक्यहरूको प्रयोग गरिएको पाइन्छ ।

## ग. बिन्दु चिह्नको चयन

वाक्यलाई छोट्याउन र रचनाकारले अव्यक्त कुरालाई व्यक्त गर्न बिन्दु चिह्नको प्रयोग गरिन्छ । बिन्दु चिह्नले वाक्यलाई छरितो बताउँछ । यस्ता चिह्नहरूको प्रयोग 'चोरिएको निद्रा' कथामा प्रशस्त गरिएको छ । जसलाई तलको उदाहरणबाट स्पष्ट पारिएको छ ।

क) यस संसारमा मान्छे भएर जन्मिएपछि मर्नैपर्ने शाश्वत सत्यलाई तैंले, मैले रोक्न छेक्न सक्तैनौं (ताम्राकार, २०७४:३६) ।

माथिका रेखाङ्कित शब्दहरु शिरविन्दु हुन् । शिरविन्दुले शब्दहरुको शिरमा आएर अनुस्वारको काम गर्दछ ।

क) त्यसलाई मन बाँध भने जस्तो मैले पनि सजिलै बाँध्न कहाँ सकें र, मेरो जीवनको हरेक श्वासप्रश्वासा उसको कमी ओहोरदोहोर गर्थ्यो (ताम्राकार, २०७४:३६)

माथिका शब्दहरु शिरबिन्दु लागेका छन् । चन्द्रविन्दुको प्रयोग वाक्यको अवस्था हेरी अनुस्वारका रुपमा प्रयोग गरिन्छ ।

## घ. प्रश्नसूचक चिह्नको चयन

कुनै पनि प्रश्न सोध्दा प्रयोग गरिने चिह्नलाई प्रश्नसूचक चिह्न भनिन्छ । 'चोरिएको निद्रा' कथामा प्रयोग गरिएका प्रश्नसूचक चिह्नका उदाहरणहरू निम्नअनुसार छन्:

क) हेर मकरे ! आफूलाई मात्र परेजस्तो आफ्नै मात्र सम्झन हुन्न के, अरुको पनि हेर्नुपर्छ । यो संसारमा धेरथोर चोट नखप्ने को छ र _?_ (ताम्राकार, २०७४:३६)

ख) छोरीकै दर्जामा राखेका बुहारीहरुले  किन त्यस्ता नचाहिँदा कुरा गरेका _?_ हे भगवान ! अर्धाङ्गिनीको साथ छुट्नासाथ संसारमा एक्लिएको नै हुँ त म _?_ (ताम्राकार, २०७४:३७) ।

ग) मेरो मनमा डढेलो सल्काएर गयो मकरे घर,  सायद मसँग छताछुल्ल पोखिन पाएर त्यो धेरै दिनपछि मस्त निदायो होला तर मेरो आँखामा खोइ आज _?_ (तम्राकार,२०७४:३९) ।

घ) "यसमा नराम्रो के हुन्छ र दाजु _?_ यहाँ हामी दुई जना मात्र हुन्छौं । को सँग भलाकुसारी गर्नु बुबाले _?_ (ताम्राकार, २०७४:३८)

ङ) म छक्क पर्छु, किन एकपक्षीय समाज _?_ लोग्ने मरेकी एकल महिला सहानभूति, सान्त्वना र दयाकी पात्र अनि स्वास्नी मरेर एक्लो भएको एकल पुरुष उपेक्षा, घृणा र आलोचनाको पात्र _?_ (ताम्राकार, २०७४: ३४)

माथि उल्लेख गरिएका उदाहरणहरूमा प्रश्न (क) जिज्ञासा, (ख) आवेग, (ग) मा प्रश्न व्यङ्ग्य गरिएको अभिव्यक्ति पाइन्छ ।

### ४.२.५.२ विचलन

सामान्य नियम वा प्रचलित अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पक्ष वा मानक प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ । विचलन भाषिक एकाइका विभिन्न स्तरमा देखिन सक्छ । वर्ण, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य र सङ्कथनका तहमा पनि विचलन प्रतिविम्बित हुने गर्दछ । विचलनले व्याकरण मात्र नभएर शब्दभण्डार एवम् अर्थको स्तरका साथै समग्र शैलीलाई समेत प्रभावित पार्ने काम गर्दछ । प्रचलित ढाँचालाई उलटपुलट पारेर सौन्दर्य प्रदान गर्ने कार्य नै विचलन हो । सामान्य नियमलाई भङ्ग गरी मानकको अतिक्रमण गर्नु विचलन हो । अभिव्यक्तिको ध्यानाकर्षणका लागि प्रचलित पथ वा संरचनालाई उल्लङ्घन गर्ने काम विचलन हो (भण्डारी र नेपाल, २०६७:३५) । मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा, २०५९:८)

रचनालाई परम्पराबाट मुक्त गरी नवीनता ल्याउने प्रक्रियाको निम्ति विचलनले सोदेश्य भूमिका निर्वाह गरेको हुन्छ । कोशीय व्याकरणिक, ध्वनि प्रक्रियात्मक, भाषिकागत, अर्थतात्विक विचलनहरू देखा परेका छन् ।

### ४.२.५.२.१ कोशीय विचलन

सामान्य भाषिक अभिव्यक्तिगत प्रयोगमा नआएका कोशमा नरहेका नयाँ शब्दहरूको निर्माण गरेर प्रयोग गर्नु कोशीय विचलन हो । कोशमा भएका शब्दले मात्र स्रष्टाको अभिव्यक्तिको सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टाले नयाँ शब्दको निर्माण वा पुरानै शब्दलाई नौलो रूप दिएर प्रयोग गर्दछन् भने त्यस्तो विचलनलाई कोशीय विचलन भनिन्छ। 'चोरिएको निद्रा' कथामा कोशीय विचलन भएका शब्दहरू निम्नअनुसार रहेका छन् :

क) "एइ मकरे ! चिया पिउँ हैन ?" मेरो हल्केको अनायासै त्यसको कुम समात्न पुग्छ ( ताम्राकार, २०७४:३५) ।

ख) त्यसका बारेमा सुन्न पुगेको कुरा चिराइतोजस्तो तीतो लाग्यो मलाई (ताम्राकार, २०७४:३३) ।

ग) लौ न ! मेरा कानले त नसुन्दा हुने कुरा पो सुन्न पुगें त । यसो आँखा तन्काउँछु (ताम्राकार, २०७४:३३) ।

### ४.२.५.२.२ व्याकरणिक विचलन

भाषा व्याकरणिक नियमद्वारा नै व्यवस्थित रहेको हुन्छ । प्रत्येक भाषामा व्याकरणात्मक व्यवस्थाहरू हुन्छन् । लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा देखिने विचलन नै व्याकरणिक विचलन हो । यस्तो विचलन पाठकलाई विशेष प्रभाव पार्न वा कृतिको गाम्भीर्य बढाउनका निम्नि स्रष्टाद्वारा आफ्ना कृतिमा गरिएको हुन्छ, साथै रचनाकार व्याकरणिक बन्धनमा बाँधिएर रहन सक्दैन किनकि ऊ आफ्नो अभिव्यक्तिलाई स्वच्छन्द किसिमले साहित्य सिर्जनामा व्यक्त गर्न चाहन्छ ।

'चोरिएको निद्रा' कथामा रहेका व्याकरणिक विचलनका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

क) कति छिटो बितेको दिन ? हिजो जस्तै मात्र लाग्न मकरेका पछिपछि एक झुप्पा गुराँस फुलेजस्तै मुग्ध पार्ने रातो पहिरनमा ठाँटिएर हिँडेकी भाउजू (ताम्राकार, २०७४:३२) ।

ख) म निकै उत्सुक छु । कान्छीको उपाय सुन्न (ताम्राकार, २०७४:३८) ।

यसरी 'चोरिएको निद्रा' कथामा प्रयोग गरिएको व्याकरिणक विचलनबाट यस कथाको रचनालाई तिख्याउने काम गरिएको छ ।

### ४.२.५.२.३ ध्वनि प्रक्रियात्मक विचलन

उच्चारणका क्रममा देखिने विचलनलाई ध्वनिप्रक्रियात्मक विचलन भनिन्छ । विचारहरूको सम्प्रेषणको माध्यम भाषा भएकाले भाषाको एउटा रूप ध्वनि हो । मानकको भााषिक एकाइहरू ध्वनिबाट नै सार्थक बन्न पुगेका हुन्छन् । यसरी भाषिक उच्चाहरणमा हुने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । साहित्यकारहरूले रचनालाई सारगर्भित र चमत्कारिक बनाउन मानक भाषाको प्रयोगका साथसाथै कथ्य भाषाको पनि प्रयोग हुने गरेको पाइन्छ । 'चोरिएको निद्रा' कथामा कथ्यभाषा प्रयोगले प्रशस्त ध्वनि प्रक्रियात्मक विचलन भएको पाइन्छ । जस्तै :

क) "चिया पिउँछस् ?" फुत्त ओठको डिल नाघेर उफ्रियो शब्द । कुनै भावविनाको भावशून्य नजर ममा अड्याएर के के सोच्दै होला त त्यो कुन्नि ! (ताम्राकार, २०७४:३५) ।

ख) अनि किन त्यसालाई पातकीसम्म पुऱ्याएका हँ ? (ताम्राकार, २०७४:३३) ।

ग) छोराहरु बसे । श्रीमान्ले बस्न नपर्ने त हाम्रो संस्कारै हो (ताम्राकार, २०७४:३३) ।

घ) होला साँच्चै आमा खस्नु भएपछि ससुराको हेराइ त अनौठो लाग्छ मलाई (ताम्राकार, २०७४:३७) ।

### ४.२.५.२.४ अर्थतात्विक विचलन

कुनै पनि शब्दको अविधामूलक वा कोशीय अर्थ त्यस शब्दको मानक अर्थ हो तर कहिलेकाहीँ अविधा अर्थले मात्र नपुगेर लाक्षणिक, व्यञ्जनात्मक, बिम्बात्मक आदि विशिष्ट अर्थ व्यञ्जित हुने गर्दछन् । त्यसलाई हामी अर्थतात्विक विचलन भन्ने गर्दछौं । तसर्थ साहित्यमा कोशीय अर्थको अतिक्रमण भई ध्वन्यात्मक र आलङ्कारिक अर्थ प्रतिपादन गर्ने गरिन्छ । वाच्यार्थले चाहेको अर्थ व्यक्त गर्न असक्षम हुँदा रचनामा अर्थतात्विक विचलन हुन आउँछ । यसरी भाषामा आर्थी विचलन भएर साहित्यिक रचनामा कलात्मक र सौन्दर्यको उदय हुन्छ । 'चोरिएको निद्रा' कथामा प्रयोग भएका अर्थतात्विक विचलनहरूलाई निम्न उदाहरणबाट देखाइएको छ :

क) निकैबेर शब्दहरु मन निचोर्दै ओठको दैलोसम्म आएर फर्केको आवास भयो (ताम्राकार, २०७४:३६) ।

ख) माहिँली बुहारीको कुराले कमजोर बनाएको मुटु कान्छी बुहारीको धारिलो बोलीले धरधरी च्यातियो सिउँदै नमिल्ने गरी (ताम्राकार, २०७४:३७) ।

#### ४.२.५.२.५ भाषिका विचलन

मानक भाषाको सट्टा स्रष्टाले सिर्जनालाई विलक्षणता दिन भाषिका तथा उपभाषिकाका शब्दहरूको प्रयोगलाई भाषिका भनिन्छ । यस 'संवेग' कथासङ्ग्रहमा समाविष्ट कथामा पूर्वेली भाषिकागत विचलन भएको पाइन्छ । जसमा 'चोरिएको निद्रा' कथामा प्रयुक्त भाषिकागत विचलनका उदाहरण निम्नानुसार छन्:

क) "किन त्यसो भनिस् ?" के भयो तँलाई ? पर्खें उसका शब्दहरु । निकैबेरसम्म शब्दहरु मन निचोर्दै ओठको दैलोसम्म आएर फर्किएको आवास भयो (ताम्रकार, २०७४:३७) ।

ख) मकरे चल्मलाएपछि पो मेरो तन्द्राले अवतरण गऱ्यो त । सोच त उडेर कहाँकहाँ पुगेछ (ताम्राकार, २०७४:३६) ।

ग) "तैंले सुखदुःख बेसाउन लायकको मान्छे हुँ म ?" आँखैले प्रश्न फाल्छु र बाउँठिएजस्तो बसिरहन्छु (ताम्राकार, २०७४:३५) ।

### ४.२.५.३ समानान्तरता

भाषाको प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भन्दछन् । त्यसैले समान्तरता भनेको बढी नियमितताको पालन हो (शर्मा, २०५९:८) ।

यो विचलनको विपरीत धर्म हो । जब रचनाकारले आफ्नो सिर्जनामा कुनै भाषिक एकाईको आवृत्ति र पुनरावृत्ति गरेर अलङ्कार, लय, छन्द आदि विशेषतायुक्त बनाउँछन् त्यसलाई समानान्तरता भनिन्छ ।

समानान्तरता छन्द, अलङ्कार, प्रयोगमा प्रशस्त मात्रामा पाउन सकिन्छ । यसको समुचित प्रयोगले भाषिक अभिव्यक्तिका क्रममा कलात्मकताको अभिवृद्धि हुन्छ तर यसको अत्याधिक प्रयोगले भाषिक अभिव्यक्तिलाई आडम्बरपूर्ण बनाउने गर्दछ ।

समानान्तरताको प्रयोग बढी मात्रामा पद्य विधामा भए पनि अन्य साहित्यिक विधामा पनि यसको प्रयोग पाइन्छ । समानान्तरतालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिएको छ ।

#### ४.२.५.३.१ आन्तरिक समानान्तरता

भावार्थ वा वाच्यार्थको पुनरावृत्ति गरी कृति वा रचनाभित्र सौन्दर्य सृजना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ ।

'चोरिएको निद्रा' कथामा कथाकार ताम्राकारले आन्तरिक समानान्तरताको प्रयोगले कथाको भाषिक पक्षलाई आलङ्कारिक बनाएका छन् जसलाई तलका उदाहरणबाट स्पष्ट पारिएको छ :

क) अहो ! कति कष्टकर क्षण थियो त्यो । जब उसलाई बिस्तारैबिस्तारै आगाको लप्काले निल्दै थियो (ताम्राकार, २०७४:३६) ।

ख) मेरो जीवनको हरेक श्वासप्रश्वास उसको कमी ओहोरदोहोर गर्थ्यो । दिन मनको चोट दबाएर छोराछोरीको रेखदेखमा खर्चे पनि रात कति विकराल भयो मलाई (ताम्राकार, २०७४:३६) ।

ग) "चिया पिउछस् ?" फुत्त ओठको डिल नाघेर उफ्रयो शब्द । कुनै भावबिनाको भावशून्य नजर ममा अड्याएर केके सोच्दै होला त्यो कुन्नि (ताम्राकार,२०७४:३५) ।

### ४.२.५.३.२ बाह्य समानान्तरता

एकभन्दा बढी ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिको आवृत्ति भई भाषामा बाह्य समानान्तरताको सिर्जना हुन्छ। बाह्य समानान्तरताले भाषिक अभिव्यक्तिलाई रम्याउने र मुस्क्याइलो पार्ने काम गर्दछ। 'चोरिएको निद्रा' कथामा प्रयोगमा आएका बाह्य समानान्तरताका केही उदाहरणहरूलाई तल देखाइएको छ :

क) "आफूले भोगेपछि मात्र अरुको पीडा महसुस गर्न सकिँदो रहेछ नरे ! विगत छ महिनादेखि मात्र तेरो सोह्र वर्ष पुरानो पीडा महसुस भयो मलाई । साह्रै बिचरो बन्यो त्यो (ताम्राकार, २०७४:३५) ।

ख) "यी बूढा त मेरी बूढी रोगी भई, मेरो त केही कामकी भइन भन्दै छिल्लिन्थे रे नि त ! बूढी चाहिँ लोग्ने भनेपछि देउतै मान्ने । बूढो भने पातकी ।" (ताम्राकार, २०७४:३३) ।

ग) माहिँली बुहारीको कुराले कमजोर बनाएको मुटु कान्छी बुहारीको धारिलो बोलीले धरधरी च्यातियो सिउनै नमिल्ने गरी (ताम्राकार, २०७४:३७) ।

# अध्याय - पाँच

# निष्कर्ष तथा उपसंहार

**संवेग** कथासङ्ग्रह कथाकार रीता ताम्राकारद्वारा लेखिएको सामाजिक यथार्थवादी कथासङ्ग्रह हो । उनले नेपाली समाजमा घटेका घटनाहरूलाई यथार्थ रूपमा उतारेका छन् । **संवेग** कथासङ्ग्रहमा समाविष्ट कथाको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रम उक्त कथा सङ्ग्रहमा सङ्कलित कथामध्ये 'चोरिएको निद्रा कथाको कथानक र पात्रका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण र शैलीविज्ञानका प्रमुख मान्यताहरू चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ ।

## ५.१ सारांश

रीता ताम्राकारबाट लिखित संवेग कथा संग्रहका एउकाइस कथाहरुमध्येको एउटा कथा चोरिएको निद्रा हो । यस कथामा शान्ति भाउजू रातो साडीमा सजिएर हिँड्छिन् । मकरेका तीन भाइ छोरा हुन्छन् । यसपछि मकरेका घरव्यवहारमा फूलको सुगन्ध आउँछ ।यसै क्रममा शान्तिलाई बिराम लाग्छ । उनी बिरामी भएर ओछ्यान पर्छिन् । अधिकांश सन्तानहरु भेला हुनाका साथै छरछिमेकी, इष्टमित्र र आफन्तजनहरु पनि थपिन्छन्  । शान्ति भाउजूको आत्मशान्तिका लागि मकरे घर आउँछ । छरछिमेकीले र छोराहरुले शान्ति भाउजूको लागि भागवत पाठ गरिदिन्छन् । आफन्तहरु भेला भएर शान्तिको शीघ्रस्वास्थ्य लाभको कामना गर्दछन् तर पनि अन्त्यमा शान्ति भाउजूको मृत्यु हुन्छ ।

अब मकरेकी पत्नीको मृत्युले मकरेलाई अत्यन्त पीडाबोध हुन्छ  । बुढी मरेको अनुहार अँध्यारो हुनुपर्ने तर ऊ त नयाँनयाँ लुगा लगाएर बसिरहेको छ भने गाउँका महिलाहरुले कुरा काट्न थाल्छन् । बुढी मर्दा आँसु नझारेको भनी आलोचना गर्छन् । कहिले बुढी मर्नु र अर्की तरुनी श्रीमती ल्याऊँ भनी बुढाले दाउ हेरेको भनी टिकाटिप्पणी हुन्छ । छोराबुहारी सबै काममा हुन्छन् । बुढीको शोक मनाउन छोडेर बुढा गजक्क परेर मस्किएर बसेको भनेर पुनः गाउँलेले कुरा काट्छन् । बुढी रोगी भई भनी मकरे छिल्लिन्थ्यो भनी गाउँले आइमाईले कुरा गर्छन् । त्यस्ती भद्र शान्ति भाउजूलाई राम्रोसँग उपचार नगरी भाउजू गइन् तर मकरेलाई केही चिन्ता छैन भनी टिकाटिप्पणी हुन्छ । जीवनसाथीसँग सदाका निम्ति बिछोडिनु परेकोमा दुःखी छैन त मकरे भनी निन्दा गरिन्छ । भाउजू मर्नासाथ अर्की ल्याउँछु भन्ने सोचमा होला मकरे भनी अनुमान गर्छन् ।भाउजूप्रति मकरे निर्दयी भयो भनी निन्दा गर्नु तर कसैले भाउजू मरे पनि मकरेको के दोष भनी मकरेको समर्थन गर्छन् । भाउजूप्रति मकरे निर्दयी रह्यो भनी सबै गाउँलेले मकरेमाथि नराम्रो दृष्टिले हेर्छन् । स्वास्नी मर्दा राम्रो लुगा लगाउनु हुन्न भन्ने कानूनमा लेखेको छैन भनी कसैले यस

कुराको  विरोध गर्छन् । मकरेले बालापनको साथीलाई भेटेर त्यो साथीले मकरेको समर्थन गर्छ । मकरेलाई छिमेकीहरुले आलोचना गर्नु, मकरेमाथि छोराबुहारीले बाबु पाल्न सकिँदैन भनी विवाद गर्नु, तर छोराबुहारीका कुराले मकरेलाई निद्रा नपर्नु, छोराबुहारीले मकरेलाई मर्नु न बाँच्नुको अवस्था बनाउनु, मकरेलाई बुहारीहरुको कुराले मन बहलाउने ठाउँ नहुनु, एकल पुरुष भएर बाँच्नु समाजको आलोचित व्यक्ति मात्र हो भनेर मकरेलाई महसुस हुनु, मकरेले बालापनको साथीलाई सबै कुरा सुनाउँदा उसलाई पनि निद्रा नपर्नु, मकरेलाई बालापनको साथीसँग मनको बह पोखेपछि केही निद्रा परेजस्तो हुनु जस्ता अवस्थाबाट कथा अघि बढ्दै जान्छ । यसै सन्दर्भमा यता साथीलाई रातदिन यही कुराले पिरोल्नु, मकरेको तन्द्रा उडेपछि ऊ भावविह्वल हुनु, ६ महिना भयो भाउजूले संसार छोडेको मकरेको घाउ आलै छ भनी साथीले सम्झाउनु,  आफूलाई मात्र परेको भनी पिर नगर भनी थम्थमाउनु, आफ्नो मनलाई आफैँ बाँध भनी सम्झाउनु, सम्पूर्ण जीवन छोराहरुका लागि खर्चिएँ तर शान्ति मरेको केही दिनमै मेरो यो दशा भयो भनी मकरे पछुताउनु, चिसो ओछ्यानमा कसैले उसको शरीर स्पर्श गरेको जस्तो भान हुनु, रातदिन गाउँले र आफन्तहरुको आलोचना, टिकाटिप्पणी मकरेले सहिरहनु तर शान्तवना दिने एउटा साथीमात्र भएजस्तो मकरेलाई लाग्नु, बुहारीहरुले पनि आमा मरेपछि ससुराको हेराइ त अनौठो लाग्छ भनी मकरेप्रति शंका गर्नु, लोग्नेहरु कामतिर लागेपछि कसरी घरमा बस्नु भनी बुहारीहरु सशंकित हुनु, छोराहरुले पनि काम छोडेर बाबु स्याहारेर बस्नु त भनी झर्कनु, अर्को छोराले बुबालाई तातोचिसो पकाएर खुवाए पुगिहाल्छ बुबाको हात बसेको छैन भनी समर्थन गर्नु, बुहारीले सुविधा सम्पन्न ओल्ड एज होम खुलेका छन् भनी वृद्धाश्रममा पठाउने योजना बनाउनु, मकरेलाई खुइय थकाई लाग्नु, सुस्केरा हाल्नु, मकरेको मन व्यथैव्यथाले भरिनु, जिन्दगी कष्टकर रहेछ भनी मुटुमा काँडा बिझेजस्तो लाग्नु, आफूले गरेको सुन्दर सृष्टि, सन्तानरुपी फूल मगमगाएर फुलाएको बगैँचा आज बिरानो भयो भन्दै मकरे भावविह्वल हुनु,

यो सबै सृष्टिबाट अलग्गिन सकिँदैन भनी मकरेलाई ग्लानि हुनु, मकरेलाई घर घरजस्तो नलाग्नु, सहर सहरजस्तो नलाग्नु, मकरेको बाटो गन्तव्यहीन लागेजस्तो हुनु, मन्दिरभित्र घण्टहरु निरर्थक र बेसुरमा बजेका छन् जस्तो लाग्नु, मकरेलाई आफ्नो जीवन अविश्वास र शंकाको घेरामा फनफनि बेरिएको छ जस्तो लाग्नु, बुहारीहरुले छुतका रोगीहरुलाई जस्तै अलग्गाएका छन् भनी आफूलाई भान हुनु, संसार यस्तै रहेछ भनी मकरेले आफ्नो मन बुझाउन कोशिस गर्नु, मेरो भाग्य यस्तै रहेछ भनी आफूले ६ महिनाको एकल जीवनमा भोगेको पीरव्यथा सहन गर्न कोशिस गर्नु, आफ्नो मन आफैँ बुझाउनका लागि भविष्यको चिन्ता नगर, चिन्ताले चितामा पुऱ्याउँछ भनी सोच्नु, कसैको भविष्य सुदृढ बनाउने निश्चिन्तता छैन र कसैमाथि एक झिल्को विश्वास पनि छैन भनी मकरेले संसारमा आफ्नो कोही नभएको जस्तो महसुस गर्नु, मकरेको नाममा डढलो सल्किएको

बिस्तारै आफैँ निभाउन कोशिस गर्नु, छताछुल्ल पोखिएको मनलाई बुझाएर निदाउन कोशिस गर्नु यस कथाका अन्तिम घटनासन्दर्भ देखिन्छन् ।

लिङ्गका आधारमा यस 'चोरिएको निद्रा कथाका पुरुष पात्रहरू धेरै छन्, जस्तै : मकरे, जेठो छोरो, माइलो छोरो, कान्छो छोरो, पण्डित, निरौला बुढा, बालसखा, नरे यस कथाका पुरुष पात्रहरू हुन् । यस 'चोरिएको निद्रा कथामा सहायक पुरुष पात्रहरू पनि रहेको पाइन्छ जसमा जेठो छोरो, माइलो छोरो, कान्छो छोरो, पण्डित, बालसखा, नरे आदि रहेका छन् । यस कथाको मकरे अनुकूल पात्र हो, जसको भूमिकाले समाजलाई सकारात्मक सन्देश दिन खोजेको छ । कथामा प्रतिकूल पात्रका रूपमा जेठो छोरो, माइलो छोरो र नरे आएका छन् । उसले मन बिथोलिएको मकरेको नानाथरी कुरा काटेर गाउँलेहरुलाई बिगारिरहेको कुरा उल्लेख गरेको छ । यस कथाका स्थिर पात्रका रूपमा मकरे पात्र रहेको छ । उसले अरु मानिसहरुले जति कुरा काटे पनि आफ्नो मनलाई सम्हालेर अन्तिमसम्म पनि घरमा नै बसिरहेको पाइन्छ । यस 'चोरिएको निद्रा कथाको गतिशील पुरुष पात्रका रूपमा जेठो छोरो, माइलो छोरो, कान्छो छोरो, पण्डित, नरे देखिएको छ । उनीहरुले शान्ति मरेको समयमा पनि मकरेलाई साथ दिनुको बदलामा एकछिन एकछिन आएर आफ्नो भूमिका निभाएका उनीहरु गतिशील पुरुष पात्र हुन् ।

यस्ता घटना र चरित्रलाई प्रस्तुत कथामा उपयुक्त भाषाशैलीमा विश्लेषण गरिएको पाइन्छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधपत्र **संवेग** कथासङ्ग्रहमा समाविष्ट कथाको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा पहिलो अध्यायमा शोधको परिचयअन्तर्गत विषयप्रवेश, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र महŒव, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखालाई प्रस्तुत गरिएको छ । उक्त कार्यले शोधकार्य गर्न सहज र सजिलो बनाएको छ । अध्यायको तेस्रो अध्यायमा शोधकार्य अनुसन्धान विधिलाई प्रस्तुत गरिएको छ । यो शोध तयार गर्दा पुस्तकालयीय, गुणात्मक विधिको प्रयोग गरिएको छ भने अनुसन्धानको प्राथमिक स्रोतको रूपमा **संवेग** कथासङ्ग्रहलाई लिएको छ भने अन्य प्रकाशित अप्रकाशित शोधपत्रहरूलाई द्वितीयक स्रोतका रूपमा उपयोगमा ल्याइएको छ ।

प्रस्तुत शोधपत्रको चौंथो अध्यायमा कथानक र पात्रका आधारमा **संवेग** कथासङ्ग्रहभित्र सङ्कलित कथामध्ये, 'चोरिएको निद्रा कथाको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । जसमा कथाको कथानक तथ्याङ्कलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त कथाहरूमा

भएका पात्रहरूलाई शैलीवैज्ञानिक तालिकामा देखाइ तिनीहरू विश्लेषण गरिएको छ भने चयन, विचलन र समानान्तरताका आधारमा शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ । चयनका आधारमा, तत्सम, तद्भव, आगन्तुक तीनै स्रोतबाट आएका शब्दहरूको चयन गरिएको छ । त्यस्तै नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, संयोजक र निपातका आधारमा शब्दचयन गरिएको छ । उक्त कार्यले कथालाई रोमाञ्चक, सरल, सहज र बोधगम्य बनाएको छ । यो कथामा बिन्दु चिह्न, प्रश्नसूचक चिह्न, विस्मयादिबोधक चिह्नको समुचित प्रयोग गरिएको छ । विचलनअन्तर्गत कोशीय, व्याकरणिक र ध्वनिप्रक्रियात्मक अर्थतात्विक विचलनको अध्ययन विश्लेषण गरिएको छ भने समानान्तरताअन्तर्गत बाह्य र आन्तरिक समानान्तरताको पनि अध्ययन र विश्लेषण गरिएको छ ।

## ५.३ अध्ययनको उपयोगिता

रीता ताम्राकारद्वारा लिखित **संवेग** कथासङ्ग्रहमा समाविष्ट कथामध्ये 'चोरिएको निद्रा' कथामा नेपाली समाजमा घटेका घटना र नेपालीहरूले भोग्नुपरेको समस्याहरूको चित्रण गरिएको छ । यो शोधकार्य कुनै पनि साहित्यिक रचनाहरूको शैलीवैज्ञानिक अध्ययन गर्न चाहने शोधकर्तालाई उपयोगी हुन्छ । त्यस्तै यस कथासङ्ग्रहभित्रका कथाको भाषिक पक्षको बारेमा आकलन गर्न उपयोगी हुन्छ । कथाकारलाई आफ्नो कृतिको वस्तुपरक अध्ययनबाट पृष्ठपोषण प्राप्त हुन्छ । यस कथासङ्ग्रहभित्रका कथाहरूमा मानक भाषाका साथसाथै कथ्य भाषाको र पूर्वेली भाषिकाको विशेष प्रयोग गरिएको छ । यस सङ्ग्रहभित्रको कथा सरल, सहज र सबै पाठकहरूको लागि बोधगम्य देखिन्छ ।

### ५.३.१ नीतिगत उपयोगिता

अध्ययन अनुसन्धान कार्यलाई सफल, प्रभावकारी र उपयोगिमूलक बनाउन निश्चित नीति नियमको जानकारी हुन अत्यावश्यक देखिन्छ । यस नीतिले अध्ययन गर्ने क्रममा सही बाटोमा हिडाउन, आवश्यक सामग्री उपयुक्त तवरले प्रयोग गर्न सहयोग पुऱ्याउँछ । प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि यस चोरिएको निद्रा कथाको शैलीवैज्ञानिक अध्ययन शीर्षकमा शोध कार्य सम्पन्न गरिएको छ । यस शैलीवैज्ञानिक अध्ययन सम्बन्धी नीतिगत उपयोगितालाई निम्नानुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

१) यस अध्ययनले पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माणमा महŒवपूर्ण सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

२) शैली विश्लेषणसँग सम्बन्धित पाठ्यपुस्तक एवम् विविध लेखरचना लेखन कार्यमा यस अध्ययनले सहयोग पुग्ने देखिन्छ ।

३) यस अध्ययनले भाषाशिक्षण सम्बन्धी नीति निर्माण कार्यमा सहयोग पुऱ्याउने देखिन्छ ।

४) साहित्यिक कृति र शैलीविज्ञानसम्बन्धी निकटता थाहा पाउन पनि सहयोग गर्ने देखिन्छ ।

५) शैक्षणिक व्याकरण निर्माणमा पनि सहयोग पुऱ्याउने देखिन्छ ।

६) साहित्यिक कृतिलाई प्रभावकारी र बोधगम्य बनाउन शब्द, वाक्यहरूको उत्कृष्ट चयन गर्न पनि सहयोग पुऱ्याउने देखिन्छ ।

### ५.३.२ कार्यान्वयन तह

यस अनुसन्धानलाई निम्न तहमा कार्यान्वयन गर्न सकिन्छ :

१) शैलीवैज्ञानिक अध्ययन शीर्षकमा अध्ययन गर्ने अनुसन्धानकर्ताका लागि अनुसन्धानबाट प्राप्त निष्कर्ष प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

२) शैलीवैज्ञानिक आधारमा कृतिमा समावेश पात्रहरूको वर्गीकरण गर्न सकिन्छ ।

३) आख्यान विधाको शिक्षणमा यस अनुसन्धानका निष्कर्षहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिन्छ ।

४) भाषा शिक्षणमा पनि यस अनुसन्धानका निष्कर्षहरू कार्यान्वयन गर्न सकिन्छ ।

५) सिर्जनात्मक रचनामा रोचकता प्रदान गर्नका लागि, भाषिक चयन, विचलन र समानान्तरताको प्रयोगमा सुधार ल्याउन पनि यस अनुसन्धानको निष्कर्ष उपयोग गर्न सकिन्छ ।

६) शिक्षक विद्यार्थीको पठन, लेखन, तार्किक आदि भाषिक क्षमताको अभिबृद्धि गर्न यस अनुसन्धानको निष्कर्षले आत्मसात् गर्न सकिन्छ आदि ।

## ५.४ भावी अनुसन्धान पक्ष

कथाकार रीता ताम्राकारद्वारा रचना गरिएको **संवेग** कथासङ्ग्रहमा समाविष्ट कथामध्येको यस चोरिएको निद्रा कथाको शैलीवैज्ञानिक अध्ययनले शैलीविज्ञानसँग सम्बन्धित विषयमा अनुसन्धान गर्न चाहने भावी अनुसन्धानकर्तालाई महŒवपूर्ण सहयोग पुग्दछ । अनुसन्धानका निम्ति कथाकारका रचना, कृतिहरू भावी अनुसन्धानकर्तालाई अनुसन्धानका लागि निम्नलिखित अनुसन्धानका शीर्षकहरू हुन सक्छन् :

क) कथाका तŒवका आधारमा **संवेग** कथासङ्ग्रहको विश्लेषणात्मक अध्ययन

ख) संवेग कथासङ्ग्रहभित्र समावेश भएका आगन्तुक शब्दको अध्ययन

ग) संवेग कथासङ्ग्रहभित्र समावेश भएका तत्सम शब्दको अध्ययन

घ) संवेग कथासङ्ग्रहभित्र समावेश भएका कथाहरुको सङ्कथन विश्लेषण

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज (२०६२), ***सामाजिक र प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं : रत्न पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०६९), ***प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं : सुजता प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), ***प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं : एम.के. पब्लिसर्स डिस्ट्रब्युटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६९), ***सामान्य र प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं : एम.के. पब्लिसर्स डिस्ट्रब्युटर्स ।

ताम्राकार, रीता (२०७४), ***संवेग*** (कथासङ्ग्रह), काठमाडौं : डिकुरा पब्लिकेशन ।

तिवारी, भोलानाथ, (सन् १९९५), ***भाषाविज्ञान,*** इलाहावाद : किताव महल ।

दाहाल, नारायणकुमार (२०६५) ***'सुम्निमा उपन्यासको शैलीवैज्ञानिक अध्ययन,*** त्रि.वि. स्नातकोत्तर तह शोधपत्र ।

निरौला, रोहित (२०६२), ***'नासो कथाको शैलीवैज्ञानिक अध्ययन,*** स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर : काठमाडौ ।

नेपाल, घनश्याम, (सन् १९९२), ***शैलीविज्ञान,*** गान्तोक : आकुरा प्रकाशन ।

पन्थी, कविता (२०६३) ***'बसाइँ उपन्यासको शैलीवैज्ञानिक अध्ययन*** ( स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षा विभाग त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, काठमाडौं ।

पोखरेल, बालकृष्ण (२०४०), ***बृहत् नेपाली शब्दकोश,*** काठमाडौं : ने.रा.प्र.प. ।

बराल कृष्णहरि र एटम नेत्र (२०६६), ***उपन्यास सिद्धान्त र नेपाली उपन्यास,*** ललितपुर : साझा प्रकाशन ।

भट्टराई, तीर्थराज (२०६७) ***'प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन,*** सुकुना बहुमुखी क्याम्पस मोरङ, स्नातकोत्तर शोधपत्र ।

भट्टराई, रामप्रसाद (२०६५) ***भाषिक अनुसन्धान विधि,*** काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि र रामनाथ ओझा (२०७१), ***भाषिक अनुसन्धान विधि,*** काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि ।

शर्मा, विष्णुप्रसाद (२०७०) ***प्रायोगिक भाषाविज्ञान,*** काठमाडौं पब्लिकेशन प्रा.लि. ।

शर्मा, मोहनराज (२०४८) ***शैलीविज्ञान***, काठमाडौं नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, लोकेन्द्र (२०७३), ***'दमिनी भीर उपन्यासको शैलीवैज्ञानिक अध्ययन*** (स्नातकोत्तर शोपधत्र) जनता बहुमुखी क्याम्पस सुनसरी, शिक्षाशास्त्र सङ्काय ।

## व्यक्तिवृत्त

| | |
|---|---|
| शोधार्थीको नाम | : सन्जु बास्कोटा |
| जन्मस्थान | : सिंगिया - १ सुनसरी |
| जन्ममिती | : २०५०/०३/१५ |
| माता | : रेणुका देवी बास्कोटा |
| पिता | : नारायण प्रसाद बास्कोटा |
| राष्ट्रियता | : नेपाली |
| धर्म | : हिन्दु |
| वैवाहिक स्थिति | : अविवाहित |
| स्थायी ठेगाना | : रामधुनी नगरपालिका वडा नं. ३ सुनसरी |
| सम्पर्क ठेगाना | : रामधुनी नगरपालिका वडा नं. ३ सुनसरी |
| शैक्षिक योग्यता | : २०६४, एस.एल.सी परीक्षा नियन्त्रण कार्यालय शिक्षा मन्त्रालय |
| | २०६८, उच्च माध्यमिक तह, उच्च माध्यमिक शिक्षा परिषद् |
| | २०७१, स्नातक त्रिभुवन विश्वविद्यालय |

...........................

हस्ताक्षर